
'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत

वर्ष ४, अंक ४ | बुद्ध सम्वत् २५६० | ने.सं. ११३७ सिल्लाथ्व | वि.सं. २०७३ माघ २८ गते, सी पुन्ही



# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु

दोस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु

तेस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आचरण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड, आदि लागूपदार्थ सबै
छोड्ने शील राम्ररी पालन गर्छु ॥

साभार : श्री महामञ्जुश्री गुरु गुठी संस्थाको पोथीपाताबाट

# अर्हत

त्रैमासिक

वर्ष ४ | अङ्क ४ | पूर्णांक १६ | नेसं ११३७ सिल्लाथ्व

शक सं. १९३८ | २०७३ माघ २८| बुद्ध सं. २५६०

सल्लाहकार
रत्नसुन्दर शाक्य
जुनु बासुकला रंजितकार
चन्द्रबहादुर उलक

सम्पादक / प्रकाशक
उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित

बजार व्यवस्थापन तथा वितरण
गोपीकृष्ण प्रजापति
बालमुकुन्द बासुकला

कम्प्युटर
सिद्धि डिजाइन डेस्कटप सर्भिस
फोन - ६६१९१०७

मुद्रण
भिजन अफसेट प्रिन्टिङ्ग प्रेस प्रा.लि.
बानेश्वर, काठमाडौं

Email: arhattraimasik@gmail.com

सहयोग रु. ३०।-


# सम्पादकीय

बौद्ध दर्शन अध्ययन समाजबाट प्रकाशित बौद्ध साहित्यिक पत्रिका 'अर्हत्' त्रैमासिकले वर्ष ४ पार गर्‍यो। अध्ययन समाजको निम्ति खुशिको क्षण हो।

अर्हत निरन्तरताको लागि सहयोग गर्ने सम्पूर्ण लेखक, पाठक तथा विज्ञापनदाता महानुभावहरूलाई अध्ययन समाज हार्दिक कृतज्ञता ज्ञापन गर्दछ। साथै आगामी वर्षहरूमा पनि यस्तै सहयोगको अपेक्षा हाम्रो समाज गर्दछ।

यो पत्रिका पाठकहरुसम्म पुर्‍याउन मरिमेट्ने सिद्धि डिजाइन डेस्कटप सर्भिस, बजार व्यवस्थापक, वितरक तथा विज्ञापन संकलक साथीहरु धन्यवादका पात्र हुन्।

गौतमबुद्धलाई अलौकिक शक्तिको रुपमा नभई समाज रुपान्तरणको निम्ति कष्टपूर्ण अध्ययन, चिन्तन र मनन् गरी मानव जातिको हृदय परिवर्तन गर्न कठोर संघर्ष गर्ने एक भौतिकवादी दार्शनिकको रुपमा स्वीकार्नु पर्दछ भन्ने हाम्रो धारणा हो। बुद्धको उपदेशलाई व्यवहारमा परिणत गर्न सके समाजमा शान्ति स्थापना हुन्छ भन्ने हाम्रो विश्वास छ। मुटुभरि तृष्णा सङ्गालेरमात्र बुद्धलाई पूजा गर्दै समाजमा शान्ति स्थापना हुँदैन भन्ने हाम्रो मान्यता हो । हाम्रो समाज भित्र व्याप्त अन्धविश्वासलाई हटाउने कार्यमा सहयोग पुर्‍याउने उद्देश्य बोकेर अर्हत प्रकाशित गरेको कुरा पुन: दोहोर्‍याउन चाहन्छौं ।

अस्तु !

# कुनै प्रकारको बल प्रयोगबिना प्रचार भएको 'बुद्धधर्म'

✍ गेहेन्द्रमान उदास 'पोखरेली'

संसारमा विभिन्न धर्महरू छन् । तीमध्ये प्रमुख बौद्ध रूपले हिन्दू बौद्ध र मुस्लिम धर्मले विश्वमा विशेष चर्चा र क्षेत्रफल ओगटेका छन् । तिनीहरूमध्ये हिन्दूधर्म सबभन्दा पुरानो धर्म मानिन्छ । धर्मको प्रचार-प्रसारमा कुनै प्रकारको दवावपूर्ण बलको पृष्ठभूमिमा नभएर मैत्री र स्वेच्छाको पृष्ठभूमिमा प्रचार प्रसार भएको तथ्य इतिहासमा बुद्धधर्म नै सबैभन्दा अगाडि देखिन्छ । बुद्धधर्म स्वतन्त्र चिन्तन, समानता, समझदारी र मैत्रीपूर्ण वातावरणमा फैलिएको देखिन्छ । यस प्रसङ्गमा नेपालका बौद्धमार्गी समुदाय खास गरी महायानी र बज्रयानीहरूले वर्ण भेद, बलि-पूजा र प्रभुत्ववाद जस्ता हिन्दूधर्म अनुरुपका व्यवहार अनुसरण गरेको कुरा र गौतम बुद्धलाई अलौकिक ईश्वर र अवतार मान्ने विश्वका अन्य बौद्ध मार्गी समुदायको व्यक्तिगत विश्वासलाई यहाँ छोइएको छैन, अर्थात् चर्चाबाट अलग्गै राखिएको छ । यहाँ यो लेखलाई धर्मको ईश्वरीय अर्थ र अस्मिताको वास्तविकता र खास गरी विभिन्न धर्महरू विश्वमा प्रचार-प्रसार भएको माध्यमको सन्दर्भमा मात्र केन्द्रित गरिएको छ, जुनधर्मको सन्दर्भमा शाश्वत विषयवस्तु मानिन्छ ।

सबभन्दा पहिले हिन्दूधर्मको कुरा गरौं । यो धर्म भारतमा आर्यहरूको प्रवेश भएपछि प्रचार-प्रसार भएको थियो । भारतका आदिवासीहरूमाथि आर्यहरूले युद्ध गरेर अधिकार जमाएपछि उनीहरूले सेना र सरकार (राज्य) को बल र दवाव दिएर आदिवासीहरलाई बौद्धिक (हिन्दू) धर्म मान्न बाध्य गराएको तथ्य इतिहासमा देखिन्छ । वेद र पुराणहरू (जुन ई.पू. १०००-२००० वर्षअघिको कुरा भएपनि इशाको चार-पाँचशताब्दितिर र पछि मात्र श्रुति-स्मृतिको आधारमा प्रायः टिपिएका वा लखिएका ग्रन्थहरू) मा असुर वा राक्षस भनिएका तर वास्तवमा आजको यहाँ भारत पर्वतका वेसी र गङ्गानदीको फाँटमा सर्वप्रथम आवाद गर्ने उपर्युक्त आदिवासीसँग, हालको मध्य एशियाबाट प्रस्थान गरेर जर्मनी इरान आदि विभिन्न यूरोपेली र मध्यपूर्वका देशहरूको बाटो हुँदै, हजारौ-हजार वर्ष लगाएर भारत प्रवेश गर्ने यो आर्यहरूले युद्ध गरे, र ती आदिवासीहरू माथि विजय गरे । ती हारिएका आदिवासीहरूलाई विजयी आर्यहरूले दास वा दश्यू (शूद्र) भन्न विवश पारे । यसरी ती शुद्रहरू सबभन्दा तल्लो वर्गका वैदिक वा सनातनी वाङमयका (हिन्दू) भए, जुन परंपरा आजसम्म विद्यमान नै छ ।

यही तथ्य नेपाल र नेपाली समाजको सन्दर्भमा पनि वास्तविक भएको देखिन्छ । नेपालको

इतिहासमा लिच्छवी कालदेखि मात्र आर्य (हिन्दू) धर्म फैलिदै आएको देखिन्छ, स्मरणीय छ त्यो भन्दा पहिले बुद्धधर्म यहाँको लोकधर्म थियो र त्यो फैलावट जनताको स्वेच्छाले भन्दा सरकार (राजा-राज्य) को दवावबाट सफल भएको देखिन्छ । यस सन्दर्भमा भारत र नेपालको कुरामा केवल समयको अन्तरमात्र छ, अर्थात् भारतमा आजभन्दा तीन चारहजार वर्ष पहिले वैदिक (हिन्दू) धर्म फैलिएको देखिन्छ भने नेपालमा पन्ध-सोह्रसय वर्ष अघिदेखि मात्र हिन्दूधर्म फैलिएको दृष्टिगत हुन्छ । यसरी सेना र सरकारको बलको आडमा भारतमा नेपालमा हिन्दूधर्मको परंपरा बस्दै आएको तथ्य इतिहासले बताउँछ ।

त्यस्तै गरी इशाई र मुस्लिमधर्म पनि संसारमा मुख्यत: सेना र सरकारकै बल र दबाबमा फैलिएको देखिन्छ । इशाको छैठौं-सातौं शताब्दिदेखि मक्का-मदिनाबाट तरबाट (सेना) कै बलमा मध्यपूर्वमा, उत्तरी अफ्रिकामा र भारतमा मुस्लिमधर्म फैलिएको देखिन्छ । भनाइको तात्पर्य मुस्लिमसाम्राज्यको विस्तारको सँग-सँगै मुस्लिम धर्मावलम्बी सम्राट्हरूले 'कुरान स्वीकार्ने कि तरबार स्वीकार्ने ?' भन्दै ती देशका बासिन्दाहरूमा धर्मको व्यापक प्रचार गरेको कुरा विश्वको इतिहासमा देखिन्छ ।

त्यस्तै गरेर इशाई धर्म पनि कहिल्यै सूर्यास्त नहुने ब्रिटिश साम्राज्यको छत्रछायामा कहीं प्रत्यक्षरुपले जस्तै श्रीलङ्कामा (त्यहाँ इशाईधर्म प्रचारकहरूले एक हातमा बाइबल र अर्को हातमा तरबाट लिएर धर्म प्रचार गरेको ऐतिहासिक तथ्य स्मरणीय छ) र कहीं अप्रत्यक्ष रुपले सेना र सरकारको बल र जोरजुलुमको पृष्ठभूमिमा फैलिएको तथ्य दृष्टिगत हुन्छ ।

यसरी आजसम्म विश्वजनमानसमा सबभन्दा प्रख्यात रहेका उपयुक्त चार धर्म मध्ये हिन्दू, मुस्लिम र इशाई धर्महरू सेना र सरकारको आडमा जोरजुलुम तरिकाले प्रचार भएको देखिन्छ भने त्यसको विपरीत बुद्धधर्म जनमानको स्वेच्छा र सहज स्वीकृति तथा प्रचारकहरूको शान्ति र मैत्रीपूर्ण माध्यमद्वारा खास गरी जापान, चीन, थाइलैण्ड, श्रीलङ्का र बर्मा आदि देशहरूमा फैलिएको देखिन्छ ।

यो मैत्रीपूर्ण माध्यमको तथ्यको बारे श्रीलङ्काको जनमानसमा अहिलेसम्म विद्यमान रहेको ऐतिहासिक विश्वासको उदाहरण बडो महत्वपूर्ण छ । श्रीलङ्कालीहरूका अनुसार बुद्धधर्म त्यहाँ पुग्नुभन्दा पहिले त्यहाँका बासीन्दाहरूमा साना-ठूला विभिन्न स्थानीय धर्महरू थिए ती धर्महरूका अनुयायीहरू आपसमा झगडा र युद्ध गरिरहन्थे । सामाजिक सहिष्णुता र सहअस्तित्वमय शान्तिपूर्ण जीवनको मर्म र महत्व तिनीहरू बुझ्दैनथे तर त्यहाँ बुद्धधर्मको आगमन भएपछि सामाजिक सहिष्णुता र सहअस्तित्वमय जीवनको महत्व प्रकाशमान भयो र आपसको, परम्परागत साम्प्रदायिक झगडा र लडाई मैत्री र शान्तिमा परिणत भयो । स्मरणीय छ इशापूर्व तेस्रो शताब्दितिर बुद्धधर्मानुयायी भारतका सम्राट् अशोकका छोरा महेन्द्रले नेतृत्व गरेको बुद्धधर्म प्रचारक 'मिशन' ( टोली) नै श्रीलङ्का प्रवेश गर्ने पहिलो टोली थियो । यो टोली सेना र हतियार लिएर गएको पनि थिएन तथा श्रीलङ्काका शासक र सेनाको बलले जनमानसमा बुद्धधर्म प्रचार गरेको पनि थिएन् । टोलीले बुद्धधर्म प्रचार गर्नुको एकमात्र माध्यम,

माथि भनिए जस्तै स्वतन्त्रचिन्तन सहअस्तित्वको सिद्धान्त, समभ्रुदारी र मैत्रीमय पहुँच थियो ।

बुद्धधर्मको यस्तो उदाहरण तिब्बतमा बुद्धधर्म प्रवेश भएपछिको त्यहाँको परिवर्तनले पनि देखिएको छ । तिब्वतका "मै हुँ" भन्ने योद्धा राजा स्रोन-चङ-गम्पोमा र उनको तिब्वती समाजमा आएको मैत्रीमय र सहअस्तित्ववान् परिवर्तन उल्लेखनीय छ । नेपालकी राजकुमारी भृकुटी र चीनकी राजकुमारी वेन्चिङ, जसलाई क्रमश: 'हरिततारा' र 'श्वेततारा' भनी तिब्वतीहरूले सम्मान गरेका छन् मार्फत् तिब्बतको स्वेच्छा र समभ्रुदारीमा बुद्ध धर्म ग्रहण गरेका थिए । यो धर्मको संस्कारले तिब्बतीहरूमा विवेकशीलता, समभ्रुदारी, सामाजिक सहिष्णुता, सहअस्तित्वमय जीवन र मित्रताको आकाङ्क्षा एवं व्यवहार विकास हुँदै गयो, जसले गर्दा हार-जीत नै जीवन हो, भन्ने उनीहरूको विश्वास र आक्रामक व्यवहार धेरै मात्रामा नियन्त्रित भयो ।

यसरी जापान, थाइलेण्ड, बर्मा, श्रीलङ्का आदि दक्षिण-पूर्वी एशियाका देशहरूमा, कहीं जनताकै सम्पर्कको माध्यमद्वारा र कहीं धर्मप्रचारक मिशनहरूले जनमानसको स्वेच्छामा आधारित गरेर शान्ति र मैत्रीपूर्ण वातावरणमा बुद्धधर्म प्रचार-प्रसार गरेको तथ्य दृष्टिगोचर हुन्छ ।

यसरी विश्वमा बुद्धधर्म फैलिएको मात्र होइन यो धर्मको संस्कार र जीवनपद्धति पनि व्यापकरुपले जनमानसद्वारा आत्मसात गरेको कुरा इतिहासले देखाउँछ । यस सन्दर्भमा बुद्धधर्मावलम्बी देश जापानको उदाहरण आज पनि उल्लेखनीय छ । जापानको स्थानीय धर्म 'सिन्तो' हो, जसको प्रमाण जापानको परंपरागत सम्राट सिन्तो धर्मावलम्बी भएको तथ्यबाट स्पष्ट हुन्छ तर प्राय: जापानका सम्पूर्ण जनता भने बुद्ध धर्मावलम्बी छन् । त्यसो भएतापनि त्यहाँका जनतामा यति हार्दिकता छ कि जापानीहरू आफ्नो सम्रातलाई सर्वोच्च सम्मान प्रदान गर्दछन् । सायद अन्य धर्मावलम्बी देश (जनता) भएको भए सम्रात जनताको बीचमा परायापन आउँथ्यो जसको प्रतिफल हारजीत अर्थात, प्रभुत्व स्थापना गर्ने हुन्थ्यो । सहअस्तित्व, सामाजिक सहिष्णुताको सिद्धान्त र प्रबृति भएको बुद्धधर्म भएको हुनाले तथा यस धर्मले प्रभुत्ववादमा विश्वास नगर्ने संस्कारले गर्दा नै मित्रता, शान्ति र सम्झौता बाहेक जापान अन्यथा हुन गएन । त्यतिमात्र होइन विगतमा जापान सम्रातले विभिन्न ठाउँमा साम्राज्य फैलाउँदा साम्राज्यवादी सेनाले कोरियाली जनताका गरेको अन्यायपूर्ण कार्य र ज्यादतीको लागि जनताको सरकारले कोरियासँग क्षमा मागेको र हर्जाना समेत दिएको कुरा सबैले टेलिभिजनमा हेरेको र छापाहरूमा पढेकै हो । यस्तो महान्ता अरु धर्मावलम्बी देशहरूमा आजसम्म देख्न सुन्नमा आएको छैन । सामाजिक सहिष्णुता, अस्तित्व, न्याय र सहअस्तित्ववान् मानवसंसारको संवर्धनको लागि भगवान् गौतम बुद्धले प्रतिपादन गरेको सिद्धान्त अनुरुपको संस्कार बुद्धधर्मावलम्बी देश जापानले प्रस्तुत गरेको छ ।

अत: यो सबै तथ्यहरू आजको विश्वशान्तिको स्थायित्व बढाउन र साम्प्रदायिक कट्टरता, धार्मिक आडम्बर, प्रभुत्वाकाङ्क्षा र यी तत्वहरूले जन्माएको लडाई-झगडालाई समन गर्नका लागि मार्गदशर्न भएको छ ।

गतांकको बाँकी

# लुम्बिनी

✍ कविकेशरी चित्तधर हृदय

*बिल्व म्हासुक सःगु यथिपुक गन्ध पूर्ण सुवर्ण थें,*
*तरुस 'काका' कोत हाला नं छुयाय् अन मूर्ख थें।*

*पक मेवा सःगु चाकुक वृक्षया कापी, प्वले*
*धाइ अंसल सो बसन्तं नाप दुगुसा हः फले।*
*तरु लताया प्रेमलीला जूगु निम्ह घय् घय् पुनाः*
*दीर्घतन तायगःसिमां सो स्वःगु उच्चवगु छुयौं ल्हनाः।*
*लपत्य-हःया लिस्य सुलाकासा निभालं म्हितुगु नं*
*विविध बुत्ता थें जुयाः च्वन शाल बनया क्वे हनं,*
*मृदुल वाउँगु सितु बुयाः नायूगु लासाय् सकभनं*
*बनबखुं नं भीत 'वावा' धाःगु थें च्वं हुंकनं।*
*स्थलकमल ह्वल श्वेत सुन्दर छत्र थें ऋतुराजया*
*वःगु सीदु व गन्ध द्वारा व्योम हे सुरभित जुयाः।*
*दावस्वां नं वा ब्वयाः मुसुहूं न्हिलाः गुगु स्वागत*
*याःगु सो सो योग्य कुसुमाकर अतिथि अभ्यागत।*
*हःगु सुन्दर पुष्प फरफर सःगु फल अन थिकु थिकु*
*तरु, लताया कुञ्ज बन बन गुलि मिखा नं ह्यू इकु।*
*विविध जात अनेक पशु-गण यक्व यक्व दु नां मस्यु,*
*प्रचुर खगया गीत मध्ये थीगु कोसिल-कण्ठ स्यू।*
*प्रकृतिया प्रियतम बसन्तं वैत स्वांया बिल तिसा*
*न्हूगु पल्लवयागु वस्त्रं पूर्ण यानाः फुक दिशा।*

*प्रकृति छाय्पाः च्वंगु सो वं ब्यूगु पुष्प-तिसां तियाः*
*रत्नमणि थुन्य थें थुनाः रमणीय लापा, भ्रमरया।*

*नीर कलकलमिंक न्ह्यानाः च्वंगु सरिता-घंगला*
*तुतिस न्याय्काः च्वंगु ज्वीमाः अन प्रकृति प्याखं हुलाः।*
*च्वंम्ह प्रियया प्रेम-पुखुली सुंमिसा थें मन सिलाः*
*प्रकृति नं स्वाभाविकं हे गर्व पूर्वक च्वन न्हिलाः।*
*अन व प्रकृतिं बन-प॰. थें तःगु सुन्दरता ब्वयाः,*
*न्याय् धका भङ्गःत वैच्वन मू पुलाः संगीतया।*
*'सत्य बीमखु छन्त थींकाः' धाःगुलिं थें कोकिल*
*हाःगु ज्वीमाः मदिक 'कूकू' ज्वीक मन हे चञ्चल।*
*प्रकृतिया थुगु गहन बनला योगु क्रीडास्थान हे*
*तःगु थुलि जक मखुगु छाय्पाः कृतिमतानं यक्व हे।*
*यचुगु ह्याउँगु, वँचुगु, म्हासुगु आदि नाना रङ्गया*
*ध्वाँय् पताका ब्वःगु गुलि गुलि बनस बैंबैं पंतियाः।*
*पत्र कापःयागु वाउँक, काष्टया स्वांमाकसी*
*कृतिम स्वांमाय् स्वयूत यथिपुक भव्य भौंस्वाँ ह्वःगुली।*
*ज्वीत भम्बः गन्ध मदयाः थाकुचायाः च्वंगुलि*
*सीदु केवल मजुस्य भुनु भुनु मिंक हालाः जूगुलिं।*
*मत्त षट्पद गन्ध सहितगु हूःगु सीस्वांया फ्वले*

काय् धका मकरन्द भ्रमवश ज्वीत अन वैच्वंबले
मारुतं हीही धका बेगं गिजय् जक या:गुलिं
थ:गु चालां थ: मछाला: मधुप ल्याहाँ वन गुलिं ।

उख्यर भौंस्वांयागु सिंकाय् कृतिम भंग: सं खना:
थुख्यर धात्थें हे चखुंचां प्रेम क्यन शाखाय् जुना: ।
त:गु खाया: पञ्चरङ्गी गुगु कपाय्या मा: हना:
ह्व:गु स्वांया मृदुलता थें हे फसं अन च्वन सना: ।
पथस चीका: त:गुलिं चाग:त नापं मदु गनं
ब्वइ धका धू गन्ध मिश्रित ल: ह्वला:तल सकभनं ।
कनककलशे जल सुगन्धं पुर्णयाना: तैतल,
वैगु सौरभ नभस च्वामोयागु वायुं ब्वेकल ।
स्थान थाने स्वच्छ जलकण युक्त फोहा दुगु पुखू
ह्व:गु शतदल कमल ह्याउँगु ल्यंगु दै भति भति
मूखू ।
राजहंसत म्हितुगु लिस्य लिस्य न्यात नाना रङ्गया,
पद्म, हें, न्या कृतिम ब्याक्कं सीदु नीलोत्पल ह्वया: ।
उख्यर व: थें च्वं बथां हे सुन्दरीपिं थुख्य स्वया:
सीदु भति भति अमिगु अञ्चल सँगु सो वायुं कया: ।
मिस्त हे ख: व:गु धात्थें तायदु स: कलकंठया
चपल तुतिया न्या:गु छिलिछिलि स्वर्णयागू घंगला ।
अमि छ्याचालं शस्त्र सज्जित सैन्यपिं नं यक्व दु,
किन्तु कार्मुक सहित शायक खद्रया छुं ज्या मदु ।
धनुष-भ्रुकुटी, नयन-वाला अमि स्वभावं हे दुगु
युवक गणया चपल चित्त-चला बिमूर्च्छा याय् फुगु ।

थुख्यर बुँ सहित रम्य रंभा-स्तम्भ स्वाना: त:गुली
शुभ, ताय्मा: यक्व खाया: त:गुलिं शोभित उलि,
उख्यर व:पिं स्तनवतीपिनि युगल उरु न्ह्या:व:गुली
अमिगु नुगले मोतिमाला सँगु थें दुरुया चुली ।

पूर्णिमाया पूर्ण शशि थें ज्यागु श्रीमुख दर्शन
ला:गुलि प्रेमी चकोरं थौं न्हिने हे चा खन ।
सँगु खाया: त:गु फरफर थुख्यर बालाची हना:
उख्यर गाचो वायु द्वारा सात्तु सा:सां च्वन सना: ।
थीगु पिलिपिलि गुलि फिपूह: सूर्यया रश्मिं कया:
उख्यर रमणीतयगु गाया स्वच्छ सित्रा नं दया: ।
वास ताया: अमृत रसया बिम्बफल सम अधरया
गन्ध-लोभी भ्रमरबृन्द चक्षुइन्दीवर स्वया:
ज्वी धका अन सोबले खन, सातु नं वन भृंगया
जिम्ह अहिया थीगु मणिथें सतबते स्वाँ रत्नया ।
हस्तिया गति, सिंहया कटि, चर्म नायू शशकया
दन्त किसिया जोगु लप्पा, नेत्र चञ्चल हरिणया ।
म्हतुसि भिंपूया दथ्वी दुगु दन्त पंक्ती मोतिया
कमल ह:र्ष्ये न्ह्यूगु मुसुमुसु घ्वात्तु व्वांध्वां फ:स्वया: ।
व:गु लुँगजू दुगु कुसां अमिसं कुया: तांनोगुलिं
सं लिबिया जलि समीरं किन्तु सहयाय् मफुगुलिं
रक्तकमले ला:गु जल थें च:ति फुति फुति दुगु
न्यता:
रश्मि रविया ख:गु सुथया पीत पाटल हे मखा ।
पुष्ट पचिने नीर अंगू थी मिखा नं तिनिमिनी,
संगु छिलिछिलि कटिस काञ्ची, तुतिस कांचन
किंकिणी ।
निख्यर नाडी कनक कंकण त:गु पन्ना नं थुना:
न्हाय्पने निख्य च्वंगु हीरकयागु कुण्डल सं खना ।
जवगु ल्हाते चारु चामरयागु च्वी फुक लुंभुना:
संगु चञ्चल चित्त थें हे, त:गु रत्नत नं थुना: ।
स्वर्ण ल:घ: जें दिनका: वल खवगु ल्हातं घयपुना:
यक्व युवती थ:गु यौवनयागु भारं क्वच्छुना: ।
जवगु गुलिस्यां हस्त न्हयखायागु पंखां शोभित,
वाम करया स्वर्ण सुंभल्य सरस फल परिपूरित ।

मृदुल पल्लव समगु पचिने पुष्पमाला शोभित
खंगु जूसा मनुजया छु खँ देव नं ज्वी मोहित ।
प्रीति पवनं प्राप्त याना: वल स्वयंवर ज्वी धका,
'प्वीक्य मत्य गा मूर्ख मारुत ! मखु अपिं अभिसारिका'
'जा:गु यौवनयागु पुखुली न्ह्यूगु ख्वा:या पङ्कज
यागु ह: थें च्वं न्यताले रक्तरेखाया रज ।
हा:गु नुतन भाव भम्ब: हृदय-व्योमे भुनुभुनु
नत्र छाय् अनिमेव छ्ष्टि छन्त स्वइच्वनि तुनु तुनु !

अमि शरीर-सिमास अथवा जा:गु लज्जाया चुली
व्ह्:गु सुन्दरता-कुसुम थें, स:गु फल थें स्तन गुलि !
कामनाया हा:गु कोकिल अमिगु हृदयोद्यानस ।
छंगु ज्या छु बसन्त ! आ: ल्याहाँ हुँ मा:गुस्थानस ।'
मयल प्रियजन ! बन निदर्शन वन्यनु तीजक अमि दथ्वी,
म्वा:गु ल्हाय्मदु छुं खँ छिमिसं बरु कँथं कै न्हां कथ्वी,
सौम्यताया याय्गु पालन नम्रतानं माक्व हे
मान नारीपिनिगु तयगू भीगु ख: कर्तव्य हे ।

स्वर्ण मण्डित, जडित रत्नत, मोतिमाला लम्बित
ब्याक बन हे ज्वीक उकिया विविध सुमनं सुरभित
यक्व मनुषं न्याक्क क्वबुया: ह:गु उगु सुखपालया
त:गु खन्यदु उकी वह:या च्वी निख्यं सिंख्वा: किया ।
तास तिनिखाया फिना: लं अमि ब्यताली पाटया
स्वर्ण गोकुल कर्ण निख्यरं उच्च ब्वहले न्व: तया:
यान क्वबुया: व:गु सुरु सुरु भौमचा थें क्वच्छुना:
स्वयूगु आज्ञा मदु मखा: ज्वी वल न्वलेहे हयभुना: ।
छु छु दु दुन्य मस्यु त:गु छाय्पा: मिस्तस्यं तोपूगुलि
सीदु अयनं राजपत्नी ज्वी अपिं पिन्य संगुलिं ।
न्ह्याम्ह हे थजु म्हाल निश्चय सीक्य भ्कीसं फइमखु
पलखला विश्राम याय्मा: त्यागुया: जुल प्वा: सुखू ।
मात्तु मा: वन्य मेगु सर्गे वैत भ्की सकलें मुना:
न्ह्याक्व हे फुक्य समय मा:सां यत्नया जलधी दुना: ।
चरण दर्शन वैगु याना: सीक्य गृहलक्ष्मी सुया
पूर्ण निर्णय याय्गु ज्या ख: भव्य भावुक 'हृदय' या ।

सुग.:-सौरभ महाकाब्यया लुम्बिनी
नामगु छगूगु सर्ग सिधल ।
नेपाल सं. ६१ दिल्ला थो १५


बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ
प्रकाशित बौद्ध साहित्यिक पत्रिका
'अर्हत्' त्रैमासिकको निरन्तर प्रकाशनको
हार्दिक शुभकामना ।

**मुनि विहार**

इनाचो, भनपा- ६
फोन नं. ०१६६१६४६४,
Email: munivihar@hotmail.com
wipassi@gmail.com


## भूल सुधार

अर्हत अंक २१ र २२ मा
श्री कृष्णकुमार प्रजापतिज्यू लिखित
भिक्षु अश्वघोषको जीवनीमा भिक्षु
अश्वघोषको फोटो हुनुपर्ने ठाउँमा
अर्के भिक्षुको फोटो हुन गएकोमा
क्षमा प्रार्थी छु ।

**सम्पादक**

# Anathapindika

✍ Bharat Singh Upadhyaya Tanslatedby H.L.Singh

Anathapindika was a wealthy meanchant of shravawti. At the time of the Buddha, shravasti was a very prosperous city. According to Acharya Buddhaghosha, it was inhabited by 57,000 families. It was the biggest city of Kashi Koshala which consisted of 80,000 villages. That is why; King Prasenjit made it the capital of Koshala. Traders and merchants coming from far-of lands used to come to Shravasti and asked,"What goods are available here?" The answer was ready sabbam Atthi (Everythings is available here). Savatthi of shravasti was named after this version. From here, Saket was about 18 miles distant. Rajgriha in the south-east was 135 miles far. Sankasya was 90 miles far. Takshashila was 441 milles far. By crossing road, one could go to Rajagriha from shravasti through Vaishali. Along the same road was located Kapilvastu, Kushinara and Pawa. Guest houses had been constructed for the convenience of travelers. At the time of the Buddha, six cities shravasti, Champa, Rajagriha, saket, Kausambi and Varanasi were popular. Shravasti was blessed by the long stay of the Buddha. In this context, Anathpindika was remembered because shravasti was his homeland.

By caste Anathapindika was a Vaisya, by profession a businessman and by nature a great man free from world attachment. His business had spread all around shravasti. His real name was Sudata. Because he gave food to the orphans and took care of them, he was called anathapindika (server of food to the orphans).

Anathapindika saw the Buddha for the first time Rajagriha when he was there on business work. The Buddha was staying there one year after the attainment of Supreme Enlightenment. That was the time when the brother in law of Anathapindika , who was the Nagar Seth (Mayor of rajagriha), had invited the Buddha for Bhojan the following day. Great preparations were being made for the same. Anathapindika, wonder- struck by the preparations, asked the brother-in-law, "Are you celebrating the wedding ceremony, or are you conducting a Mahayajna, a great sacrifice, on have you invited King Bimbisara, for which you have made so much preparations."He replied, "I am not celebrating any wedding ceremony, nor have I invited King Bimbisara. Tomorrow, a reat yajan (religious sacrifice) is being held here. I have invited the Buddha and his Sangha for Bhojan here."

He was restless to see the Buddha. In the darkness of the night he went out to

see the Buddha. In a little distance, he saw the Buddha strolling in the early morning. He joined his hands in supplication. To his great pleasing surprise the Buddha called him by his name. Hearing Buddha's four noble truths Anathapindika became shrottapanna.

Anathapindika also wanted to invite the Buddha for the bhojan. He made an arrangement for preparing the bhojan for the Buddha and his Sangha and invited the Buddha and the Sangha. Bimbisara, the king of Magadha, who was close to Anathapindika, wised to help him. But Anathapindika did the preparations by self. He served the bhojan with his own hands. After the bhojan was over, he said to the Buddha, "Venerable Sir, please accept to spend the Varshabas (rain retreat) along with the Bhikshu Sangha here in Shravati. The Buddha, accepting the offer in silence, said,"Oh householder, the Tathagata likes to walk in a lonely and secluded place.

Now that the Buddha had accepted his offer, Anathapindika was agog with joy beyond expression. He made preparations for his welcome to Shravasti from Rajagriha. He constructed wells, gardens and others infrastructures in Shravasti and in the roads leading to it to avoid any troubles to the Buddha and his disciples. In Shravasti itself he made a search for a place appropriate for the stay of the Buddha. He found the garden of Prince Jeta an appropriate place for the same. It was neither too far nor too close from the city. In the night it was quite lonely and it was an ideal place for meditations.

Anathapindika went to Prince Jeta and said, Oh! Son of an honorable man! Please give me your garden for constructing a vihara (monastery). The prince replied, "Oh householder! I cannot give you this garden even if you spread the Asarphis (gold coins) in it from all sides." Anathakindika added, "Then I bought it because you told its price." The prince replied back," No! You didn't the case was referred to the judges of the state. But the verdict went in favour of Anathapindika.

Anathapindika spread the asarphis in the garden from one corner to another corner. The quantity of asarphis amounted to 18 cores. Nearly all the space of the garden was covered. Only a little space was left. Anathapindika ordered his men to bring asarphis second time. But, in the meantime, Prince Jeta asked Anathapindika not to do so but said, "Well householder! Not don't cover this little space with gold coins. Leave it to me and this will be my gift."

Anathapnidika built a grand vihar and a beautiful garden in that space and named it Jetavana Aaram. Later, this vihar was called Jetavanaram of Anathapindika in the Tripitaka literature. In addition to this, Anthapindika built several rest houses, Paribenas (building with courtyards), hungalows, assembly halls, platforms for meditation, bathrooms, small ponds, Pavilions, ect. Anathapindika spent 18 corers for purchasing the land, spent another 18 corers for constructing the vihara. When the Budhha went to Shravasti in 14 years after the attainment of Buddhahood, Enlightenment, he spent 18 crores for maintaining the store of the

vihara. Inspired by the Buddha he dedicated the vihara to the Buddhist Sangha.

Anathapindika used to visit Jetavanaram twice a day to have 'darshan' of the Buddha. Whenever he went there he took with him something as a offering. Whenever the Buddha went out of the vihara he used to keep a branch of the Bodhi Tree at the door of Jetavanaram. Anathapindika worshipped it whenever he visited there.

Anathapindika was a great charitable person. In matters of offering charity he made no distinction between the Buddhist followers and other men. It was his instructions to his to offer bhojan to anybody in places where his business was thriving. In addition to the numbers of guests, 1000 men and women were given bhojan everyday. 500 rest houses were reserved for the service of visitors all the time. Due to his liberality, he was reduced to extreme poverty. In such poor condition, he could serve only tasteless meal or mash whenever the Buddha and other Bhikkhus came to see him. It was because of immeasurable sense of sacrifice that the Buddha called him the chief of generous disciples. When Anathapindika repented for his inability to serve as he desired, the Buddha consoled him saying that importance of charity lay not in wealth but in the largeness or magnanimity of heart.

Once the Buddha was about to go out of Jetavanaram. Anathapindika requested the Buddha not to go out at that time. Prasenjit, the King of Koshala, and Vishakha Mrigarmata also made a fervent plea for the same. The Buddha did not change his decision. Purna, the slave daughter of Anathapindika, came to know this. She told her master that she could change the Buddha's mind. How could she do so when the plea of so honorable persons went to vain. Purna went to the Buddha and said, "Venerable Sir, I want to take refuge in the Buddha, Dharma and Sangha and am ready to live a righteous life if you desist from going out. "The Buddha, the god of compassions, fulfilled her had wish. This shows the Buddha's firm conviction as well as commitment to the dharma he had proclaimed. Form that day Purna was liberated by Anathapindika from servitude. He treated her as a daughter and she in turn was initiated into righteous life.

The story of the condition of Anathapindika's health is heart-rending. He became very sick. He asked one of his men to go to the Buddha or to Scriptural or Ananda to inform about his worsening health.

Seeking permission of the Buddha, Scriptural and Ananda went to see Anathapindika and asked Anathapindika to imbibe the spirit of detachment in all things. A little later, he was no more.

He was known as a Dayaka (bestower) of the Buddha. What a lofty title! Whatever he did for the Buddha matters a little. In the name of the Buddha, he voluntarily became a part of the suffering humanity. This was his greatest service to the cause of Buddhism.

# डा. भिक्षु धर्मरक्षित



✍ रत्नसुन्दर शाक्य

पालिसाहित्यलाई हिन्दीभाषामा अनुवाद गरी जनसमक्ष प्रस्तुत गर्नुभएका केही प्रमुख भारतीय भिक्षुहरूमा 'भिक्खुत्रयी' (राहुल सांकृत्यायन, आनन्द कौशल्यायन र जगदीश काश्यप) पछि भिक्षु धर्मरक्षित नै प्रमुख हुन आउँछ ।

वहाँको जन्म बुद्धको परिनिर्वाणस्थल कुशीनगरको नजीकै 'हतवा' भन्ने ग्राममा १ अप्रिल १९२३ मा भएको थियो । उहाँको प्रारम्भिक शिक्षा कुशीनगर र कसयामा भएको थियो । पछि गोरखपुरमा आई अध्ययन गर्नु भएको थियो ।



डा.भिक्षु धर्मरक्षित

वहाँ वाल्यावस्थाको बेला श्रीलंकाबाट एम.ए.पीरिस नामका एक सज्जन कुशीनगरमा आउनुभएको थियो, जो सन् १९३१ मा अनगारिक धर्मपालका साथ प्रज्या एवं उपसम्पन्न हुनुभई 'भिक्षु श्रद्धानन्द' हुनुभएको थियो र वहाँलाई कुशीनगरवासीहरू 'लङ्काबाबा' को रुप्मा याद गराउँछन् ।

वहाँले कुशीनगर एवं आसपासका निर्धन, अशिक्षित एवं साधन विहीन जनताहरूको दुर्दशा देखी दु:खित भई 'चन्द्रम्णिपाठशाला' को नाममा सन् १९२९ मा एक नि:शुल्क पाठशाला स्थापना गर्नु भएको थियो । त्यसपछि वहाँले 'महावीर मिडिल स्कूल' र 'बुद्ध हाइस्कूल' पनि स्थापना गर्नुभएको थियो ।

वहाँले ग्रामीण बाललालिकाहरूलाई पठनपाठनमा अग्रसर गराउन अनेक मिठाई, पैसा, फलफूलहरू पनि बांटी पाठशालामा सामेल गराउने गर्दथे । वहाँको बच्चाहरूप्रतिको त्यस व्यवहारमा आफू पनि संलग्न (७ वर्षको उमेरमा) भएको कुरा भिक्षु धर्मरक्षितले उल्लेख गर्नुभएको छ ।

यसरी भिक्षु श्रद्धानन्द (मृत्यु-अप्रिल १९३३ लुम्बिनीमा) को लाड-प्यारमा प्रारम्भिक र मिडिल शिक्षा पुरा गरी वहाँ माध्यमिक शिक्षाको निमित्त गोरखपुर आउनुभयो । वहाँ विद्यार्थी जीवनमा

'कविजी'को नामले सुविख्यात हुनुहुन्थ्यो किनकि वहाँले त्यसवेला 'रमण' उपनामले प्रशस्त कविताहरूको रचना गर्नुभएको थियो ।

१५ वर्षको उमेरमा नै वहाँ 'भक्तवर प्रल्हाद' 'भंग-भारती' र 'बुद्ध-महाप्रयाण' नामक काव्यहरू लेख्नुभएको थियो जसमा 'भक्तवर प्रल्हाद' वहाँ आफैले सन् १९४० मा 'आदर्श प्रेस' देवरियाबाट प्रकाशित गर्नुभएको थियो । वहाँको पहिलो कविता सन् १९३८ (१५ वर्षको उमेरमा) मा वाराणसीको दैनिक 'आज' पत्रिकामा छापिएको थियो ।

वहाँका प्रशस्त कविताहरू गोण्डाबाट प्रकाशित 'हलचल साप्ताहिक' र सारनाथबाट प्रकाशित 'धर्मदेत'' मा छापिएका पाइन्छन् । 'भंग भारती' र 'बुद्ध-महाप्रयाण' का केही कविताहरू पनि यिनै पत्रिकाहरूमा छापिएका थिए ।

१८ वर्षको उमेरमा (सन् १९४१) वहाँले 'कुशीनगरका इतिहास' लेख्न निकै परिश्रम गर्नुभयो । त्यस सम्बन्धित विभिन्न स्थल, नदी एवं ऐतिहासिक चीजहरू अवलोकन गर्न आफैले निकै दिनसम्म भोक प्यासको समेत वास्ता नराखी स्रोत साधन जम्मा गर्नुभएको थियो । यस ग्रन्थ तयार गर्न विशेषत: वहाँलाई कित्तिमा महास्थविर (सन् १९०३-१९८७) ले टेवा दिनुभयो । आफैले पनि सम्बन्धित सम्पूर्ण ग्रन्थहरूको पनि अध्ययन गर्नुभयो जसको परिणाम स्वरुप वहाँले ३ सेप्टेम्बर १९४१ का दिन गृहत्याग नै गर्नुभयो । वहाँ सरासर सारनाथ जानुभयो । सारनाथमै 'धम्मेक स्तूप' अगाडि ५ सितम्बर १९४१, शुक्रबार, भाद्र पूर्णिमाका दिन पञ्चशील एवं अष्टशील ग्रहण गरी बौद्ध दीक्षा लिनुभएको थियो । त्यसबेलादेखि नै वहाँश्वेत-वस्त्र पहिरी अनगारिक बन्नुभएको थियो ।

अनगारिककै रुपमा वहाँ पैदल सारनाथबाट प्रयाग (इलाहावाद), कानपुर, कनौज, लखनऊ, अयोध्या, श्रावस्ती, कपिलवस्तु, लुम्बिनी हुँदै २७ दिनमा कुशीनगर पुग्नुभएको थियो ।

कुशीनगर पुग्नासाथ वहाँले आमा-बाबुसित प्रव्रजित हुन अनुमति माग्नुभयो । आमा-बाबुले नामञ्जुर गरेको कारण वहाँले ३ दिनसम्म भोक-हडताल गरी 'राष्ट्रपाल-व्रत' पालन गर्ने आज्ञा लिनुभएको थियो ।

आज्ञा पाउनासाथ वहाँ सारनाथमै जानुभई २८ जुलाई १९४२ का दिन ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) को हातबाट श्रामणेर हुनुभयो र पुन: २ वर्षपछि २१ जुलाई १९४४ को दिन कुशीनगरको सीमा-गृहमा ऊ. चन्द्रमणि महास्थविरकै उपाध्यायत्वमा उपसम्पन्न हुनुभयो ।

वहाँले श्रामणेरकालमा दुइवटा किताबको रचना गर्नुभएको थियो -

१. पहिलो - खुद्दक निकायको सुत्तनिपात अन्तर्गत परेको 'बाम्हण धम्मिय सुत्त' को अनुवाद थियो जसमा गाईप्रति बुद्धको दृष्टिकोण (माता सो सरह भएको) स्पष्ट हुनुको साथै सत्यताको आधारमा साँच्चिकै रुपमा भन्ने हो भने गोमांस-भक्षण र गोहिंसाको शुरूवात लोभको कारणवश पहिले बाम्हणहरूले नै शुरु गरेको कुरा स्पष्ट भएको पाइन्छ । यो सुत्र भिक्षु कित्तिमा महास्थविरको विरको विशेष आग्रहले भिक्षु धर्मरक्षितले पालिबाट हिन्दीमा अनुवाद गर्नुभएको थियो ।

२. दोस्रो - 'भगवान् बुद्ध और जातिभेद' नामक किताबको सम्पादन प्रमुख हुन आउँदछ । भिक्षु

धर्मरक्षित (त्यसताका श्रामणेर) ले यो किताबको सम्पादन कार्य गरिरहनुभएको बेला (कुशीनगरमा) कानपुरका एक आचार्य मेधार्थीले डा. अम्बेडकर (सन् १८९१-१९५६)लाई ऊ. चन्द्रमणि महास्थविरलाई दर्शन गराउन ल्याउनुभएको संयोग परेको थियो। अत: डा. अम्बेडकरले धर्मरक्षितसँग सोधपुछ गरिसकेपछि प्रसन्न भई त्यो ग्रन्थ प्रकाशन गराउने जिम्मा लिनु भएको थियो, जसअनुसार धर्मरक्षितले पनि किताबको पाण्डुलिपि तयार गर्नुभएपछि 'जातिपाति तोडक मण्डल', लाहौरमा विशेषत: सतराम बी.ए.कहाँ पठाउनुभएको थियो साथै बाबा साहेव अम्बेडकरको आदेश पनि चर्चा गरी पठाउनुभएको थियो। किताब तुरुन्तै प्रकाशित भयो।

भिक्षु धर्मरक्षित उपसम्पन्न हुनुभएको बेला कुशीनगरमा नेपालका श्रामणेर अश्वघोष केही महिना अगाडि (जनवरी १९४४) मात्र ऊ. चन्द्रमणि महास्थविरको हातबाट श्रामणेर भई भिक्षु धर्मरक्षितसँग हिन्दी भाषाको पठन-पाठन गरिरहनुभएको थियो।

एक्कासी भिक्षु धर्मरक्षित अध्ययनार्थ लंङ्का प्रस्थान गर्नुहुने कुराले श्रामणेर अश्वघोषलाई धक्का पर्न गयो। अत: वहाँको पनि प्रबन्ध मिलाउन भिक्षु महानामले, जो महामन्तिन्द परिवेण, मातरमा ६ वर्ष अध्ययन गरेर आइसक्नुभएको थियो, ले बोधिगुप्त महास्थविरकहाँ पत्र पठाउनु भयो। बोधिगुप्त महास्थविर केही महिनाअगाडि मात्र (फरवरी १९४४मा) लुम्बिनीको भ्रमण गरी कुशीनगरमा आउनुभएको थियो। वहाँको समक्ष धर्मरक्षितले पालिसाहित्य एवं अन्य बौद्धसाहित्य अध्ययन गर्ने तीव्र आकांक्षा भइरहेको कुरा सुनाउनुभएको थियो। अत: वहाँले भिक्षु धर्मरक्षितलाई सारा प्रबन्ध (मार्ग व्यय समेत) मिलाइ दिनुभएको थियो। भिक्षु महानामको पत्र पाउनासाथ श्रामणेर अश्वघोषको पनि धर्मरक्षितको साथै जाने प्रबन्ध मिलाइदिनुभएको थियो।

केही दिनपछि नै वहाँहरू श्रीलंकाको निमित प्रस्थान गर्नुभयो। श्रीलंका जानुअगाडि सारनाथ र बुद्धगयाका दर्शनीय स्थलहरूको पनि अवलोकन गर्नुभएको थियो। २८ जुलाई १९४४ का दिन बुद्धगयाको दर्शन गरी अगस्तको पहिलो दिनमा वहाँहरू 'मण्डपम् कैम्प' पुग्नुभयो।

त्यहाँ महास्थविर बोधिगुप्त आउनुभएपछि बल्ल वहाँहरू धनुष्कोटीबाट 'आदम् पुल' पार हुँदै श्रीलंकाको मातरमा ८ अगस्त १९४४ को मध्यरातमा पुग्नभयो।

यसरी भिक्षु धर्मरक्षित आफ्नो लक्ष्यअनुसार अध्ययनार्थ श्रीलंका पुगी मातरस्थित त्यस 'महामन्तिन्दारिवेण' मा सन् १९४७ को फरवरी महिनासम्म रही अध्ययन गर्नुभएको थियो। अध्ययन पश्चात् वहाँलाई 'त्रिपिटकाचार्य' पद प्रदान गरिएको थियो।

भिक्षु धर्मरक्षित २२ फरवरी १९४७ का दिन स्वदेशको निमित मातरबाट 'कोलम्बो' आउनुभयो। श्रामणेर अश्वघोष ८ वर्षपछिमात्र सन् १९५२ मा स्वदेश (नेपाल) फर्कनुभयो। वहाँ सन् १९४९ मा महामन्तिन्द परिवेणका कुलपति एवं दक्षिणी श्रीलंकाका संघनायक धर्मकीर्ति श्री धम्मावास नायक महास्थविर (सन् १८८८-१९४९) को उपाध्यायत्वमा उपसम्पन्न हुनुभएको थियो।

भिक्षु धर्मरक्षित श्रीलंकाबाट फर्कनुभएपछि

सबभन्दा पहिले ऐतिहासिक ग्रन्थको रुपमा रहेको 'तेलकटाह-गाथा' लाई अक्टोबर १९४८ मा प्रकाशित गराउनुभयो जुन गाथाको अनुवाद वहाँले महामतिन्द परिवेणमा अध्ययन गरिरहनु भएको बेलामै पूर्ण गर्नुभएको थियो ।

यसको मूलपालि सहित नेपालभाषामा भिक्षु सुबोधानन्दले अनुवाद गरी बु.सं. २५०२ (सन् १९५८) मा प्रकाशित गराउनुभएको थियो ।

भिक्षु धर्मरक्षितले काशी-हिन्दू विश्वविद्यालयबाट पालिभाषामा एम.ए. उत्तीर्ण गर्नुभएको थियो । पालिभाषाको दक्षताको कारण वहाँले पालिभाषाको ज्ञानार्जन गराउनको निमित्त वा अध्ययन अध्यापन गराउनको निमित सुपाठयको रूपमा सन् १९४९ मा 'पालिपाठ-माला' तयार गर्नुभयो । केही वर्ष पछि 'पालि-व्याकरण'को पनि रचना गर्नुभयो ।

सन् १९५१ मा वहाँले भिक्षु बोधानन्द महास्थविर (सन् १८७४-१९५२) को विशेष आग्रहमा 'बुद्धधर्म के उपदेश, नामक एक ग्रन्थ तयार गर्नुभयो जसमा गृहस्थधर्म सम्बन्धी बुद्धका तमाम उपदेशहरूको संकलन गरिएको थियो । यो ग्रन्थ बोधानन्द महास्थविरकै जीवनकालमा प्रकाशित भएको थियो ।

त्यस्तै सन् १९५४ मा 'मनोरंजन पुस्तकालय, वनारस' को तर्फबाट बौद्ध-विभूतिया' नामक एक अन्य ग्रन्थ पनि प्रकाशित गर्नुभएको थियो जसमा भारतमा बौद्धधर्म पुनरुत्थान गर्नमा विशेष योगदान दिनु भएका १६ जना महान् व्यक्तिहरूको जीवन-चरित्र प्रस्तुत गर्नुभएको थियो । यसमा प्रथम उत्तरी भारतीय भिक्षु महावीर र अनगारिक धर्मपाल आदिदेखि लिएर भिक्खुत्रयी र गृहस्थ धार्मिक नेताहरूमा भारतीय बौद्ध संघका अध्यक्ष शिवचरणलाल, मध्यप्रदेशका सुप्रसिद्ध धर्म प्रचारक अनन्त रामचन्द्र कुलकर्णीको साथै अजमेरवासी कोलियपुत्र मोहनकुमार नाथुसिंह तंवरको संस्मरण पनि उल्लिखित थियो ।

सन् १९५४ मा भिक्षु धर्म रक्षितले भिक्षु जगदीश काश्यपबाट १९ बर्षअघि (सन् १९३५) देखि अनुवाद गरिराखेको सुत्रपिटकको 'संयुक्त निकाय' पाण्डुलिपिलाई पुन: दोहरयाई केही संयुक्तहरूको स्वतन्त्र अनुवाद गर्नुभई 'महाबोधिसभा' सारनाथबाट प्रकाशित गराउनुभई अपूर्ण ग्रन्थलाई पुर्ण गरिदिनुभएको थियो ।

'संयुक्त निकाय' को कार्यपछि वहाँले 'विशुद्धिमार्ग' जस्तो सुप्रसिद्ध ग्रन्थको प्रकाशन गर्ने कार्यमा लाग्नुभयो जुन ग्रन्थ वहाँले श्रीलंकामा रहनुभएको बेला (सन् १९४७ को शुरु मै) अनुवादकार्य पूरा गरिसक्नु भएको थियो । यसको पनि प्रकाशन 'महाबोधिसभा' द्वारा नै सन् १९५६ र ५७ मा गरी दुई भागको रूपमा प्रकाशित भएको थियो । यस ग्रन्थको तर्फबाट भिक्षु धर्मरक्षितलाई प्रथम पुरस्कार स्वरुप त्यसताका रु. ८००।- 'उत्तर-प्रवेश सरकार' द्वारा प्रदान गरेको थियो ।

भिक्षु धर्मरक्षित पत्रकारीतामा पनि निपुण हुनुहुन्छ । वहाँ सन् १९४८ देखि सारनाथबाट प्रकाशित 'महाँबोधिसभा' का मासिक मुखपत्र 'धर्मदुत'को सम्पादक हुनुभएको थियो । वाराणसीबाट प्रकाशित 'दैनिक आज'को पनि वहाँ विशेष प्रतिनिधि हुनुहुन्छ ।

पत्रकारितामा मात्र वहाँ निपुण होइन, किन्तु प्रशासकीय कार्यमा पनि वहाँ त्यत्तिकै गतिशील

हुनुहुन्थ्यो । वहाँ भारतीय महाबोधिसभा सारनाथका मुख्य निरीक्षक, कुशीनगर भिक्षुसंघका प्रधानमंत्री वैशालीसंघका उपाध्यक्ष एवं भारतीय बौद्धसंघका संयुक्त मंत्रीको रुपमा पनि कार्य गर्दै रहनुभएको थियो ।

वहाँले सन् १९५० देखि १९५९ सम्म 'महाबोधि इन्टर कलेज' मा पालिभाषाका प्राध्यापक हुनु भएको थियो । त्यसपछि सन् १९५९ देखि त्यस कलेजका प्रधानाचार्य हुनुभयो । सन् १९६४ देखि १९६८ सम्म 'धर्मपाल डिग्री कलेज' का पनि वहाँ प्रधानाचार्य हुनुभएको थियो ।

सन् १९६८ पछि वहाँ केही समय प्रतापगढ (अवध) मा पनि रहनुभएको थियो जसको फलस्वरुप स्थानीय भिक्षु सुगतानन्दको तर्फबाट वहाँले आफ्नो कृति 'श्रामणेर-विनम' र भिक्षु-प्रतिमोक्ष तथा कर्म बाचा' प्रकाशन गर्न पाइयो ।

सन् १९७१ मा 'बौद्धधर्ममा योगसाधना' विषयक शोध प्रबन्ध लेखेवापत राँची विश्वविद्यालयबाट वहाँलाई पी एच. डी. उपाधि प्रदान गरिएको थियो ।

त्यसको ठीक १८ दिनपछि 'पालि शोध प्रस्थान' (नवनालन्दा महाविहार) बाट 'डी.लिट्'को उपाधि पनि प्राप्त गर्नुभएको थियो ।

यसरी आफ्नो उद्देश्य अनुरूप वहाँले जीवनमा पूर्ण सफलता प्राप्त गर्नुभएको थियो । जीवनको अन्तिम वर्षमा पनि वहाँले अस्वस्थ रहेतापनि 'सुत्तनिपात' ग्रन्थलाई सम्पादन एवं अनुवाद गरी प्रकाशित गर्न सफल हुनुभएको थियो ।

१७ वर्षको उमेरदेखि ग्रन्थ निर्माण कार्य शुरु गरी बुद्ध र बौद्ध-धर्म सम्बन्धी सानो ठूलो गरी १०० वटा जति ग्रन्थ तयार गर्नुभएका डा. भिक्षु धर्मरक्षित सन् १९७७ को अक्टोबर महिनामा तथागतको पावनभूमि, धर्मचक्र-प्रवर्तनस्थान सारनाथमा दिवंगत हुनुभयो ।

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक पत्रिका '**अर्हत्**' त्रैमासिक को निरन्तर प्रकाशनको लागि लेख-रचना तथा व्यवसायिक विज्ञापन दिई **सहयोग** गर्नुहुन हार्दिक अनुरोध गर्दछ ।

**बौद्ध दर्शन अध्ययन समाज**

नगाँचा, भक्तपुर, फोन नं: ०१-६६१९१०७
Email: Email: arhattraimasik@gmail.com

डा. भीमराव अम्बेडकरको १२५ औं जन्म जयन्तिको पावन उपलक्ष्यमा

# बहु आयामिक व्यक्तित्वका धनी डा. भीमराव अम्बेडकर



ले. कृष्णकुमार प्रजापति

**१. जन्म:** भारतीय संविधानका रचनाकार, कुशल बक्ता, महान बौद्ध विद्वान , समस्त दलित वर्गका महान नेता, कुशल संगठक, शिक्षाविद, विधिवेत्ता, महामानव, बोधिसत्व, बाबासाहेब डा. भीमराव अम्बेडकरको जन्म आज भन्दा १२४ बर्ष अगावै ई.सं १८९१ अप्रिल १४ को दिनमा पिता सुवेदार मेजर (ब्रिटिश फौज) रामजी मौलाजी सकपाल एवं माता श्रीमती भीमावाईको कोखबाट चौधौं सुपुत्रका रुपमा महाराष्ट्र प्रान्तको रतनगिरी जिल्ला स्थितको "अम्बाबडे "गाउँमा जन्मनु भएको थियो । वहाँको जन्म अछुत दलित जातमा भएकोले अमानवीय व्यवहार खेप्दै संघर्षशील जीवन यापन गर्दै झेल्दै शिक्षा आर्जन गर्न सफल हुनु भएको थियो । त्यसबेला भारतको महाराष्ट्र प्रान्तमा छुवाछुत र भेदभाव चरम अवस्थामा थियो । महाराष्ट्र नाम नै "महार" जातिबाट भएकोले महार जाति कतिको बीर, बहादुर र निर्भीक थिए भन्ने कुरो अववोध हुन्छ । सुयोग्य कर्मबीर पिता पूर्खाको गुण र अवशेषको कारणबाट वहाँ प्रतिभाशाली र सक्षम व्यक्तित्वको धनी हुन र बन्नमा सहयोग सिद्ध भएको छ ।



**२. शैक्षिक एवं सांगठनिक क्षेत्रमा योगदान:** अछुत एवं दलित जातिको उत्थान एवं चेतना जागृत गर्न वहाँले **"शिक्षित होऊ । संगठित होऊ ।"** नारा उद्घोष गर्नु भएको थियो । हामी दलितहरू शिक्षित नभएको र संगठित नभएकोले नै हामीहरू जातीय उत्पिडनमा

पिल्सिनु परेको, अमानवीय व्यवहार खेप्नु परेकोले आ-आपनो सन्ततिलाई विद्यालयमा पढाउन र शिक्षित तुल्याउन भर मग्दुर प्रयत्न गर्नुस् भनि आग्रह गर्नु भयो र उत्पीडित र थिचोमिचो, धार्मिक पक्षपात एवं भेदभावको बिरुद्ध आइ लाग्ने माथि जाई लाग्न सबै सधै एकढिक्का हुनुपर्ने, सचेत हुनु पर्ने, संगठित भै लाग्नु पर्नेमा जोड दिई धार्मिक, सामाजिक एवं राजनैतिक तवरले चेतना उत्थान गर्ने कार्य गर्नु भएको थियो । बाबासाहेव डा. भीमराव अम्बेडकरले शुद्र जातिको उत्थान गर्नु साँचो मानेमा मानव जीवन यापन गर्न गराउन, गौरव र प्रतिष्ठा उच्च पार्न र सबै अछुत एवं दलित बर्गलाई एकजुट गर्नाखातिर ई. सं. १९२४ जुलाई २० का दिन बहिष्कृत हितकारिणी सभा स्थापना गर्ने काम गर्नु भएको थियो र सो सभाको प्रवन्ध समितिको अध्यक्षको कार्यभार सम्हाल्नु भएको थियो । मानव अभिकार बहाली गर्ने कार्यमा लगनका साथ प्रतिबद्ध भई ई. सं. १९२७ अप्रिल-३, का दिन मराठी भाषा बाट **"बहिष्कृत भारत"** नामक पाक्षिक पत्रिका प्रकाशित गरी जातीय उत्थानमा लाग्नु भएको थियो । भगवान रामको दर्शन पूजन जस्ता कार्यमा अरु सवर्ण जाती सरह सो मन्दिरमा प्रवेश पाउनु पर्छ भनी ई. सं. १९३० मार्च -२, आइतबारका दिन १५,००० भन्दा बढी अछुत जातिका कार्यकर्ताहरू भेला भै सत्याग्रहको आह्वान गरी **"कालाराम मन्दिर"** प्रवेश आन्दोलनको नेतृत्व गर्नु भएको थियो ।

**३. राजनैतिक क्षेत्रमा :-** अछुत जातिलाई लेजिस्लेटिभ एसेम्वलीको १७५ सिटमा १५ सिट मात्र आरक्षित रुपमा व्यवस्था गरेको प्रति आक्रोशपूर्ण ढगंले सशक्त आवाज बुलन्द गर्न एक राजनैतिक संगठनको आवश्यकता महसुस गरी ई. सं.१९३६ को अगष्ट महिनामा **"स्वतन्त्र लेबर पार्टी"** को संस्थापन गर्नु भएको थियो भने ई.सं.१९३० फ्रेबअरी -१७ को आम निर्वाचनमा सो पार्टीले १७ सिटमा १५ सिट विजय हासिल भएको संस्मरण गरीन्छ । सोही सालको जुलाई १९ का दिनमा तत्कालीन अन्तरिम मन्त्रिमण्डलमा सदस्य हुनु भएको बेलामा **"गीता"** छोइ सपथ ग्रहण गर्नु भएन । ई.सं. १९३७ अगष्ट ७ का दिन उहाँ **"स्वतन्त्र लेबर पार्टी"** को अध्यक्ष हुनु भएको थियो ।

**४.सामाजिक क्षेत्रमा :-** बाबासाहेब डा.भीमराव अम्बेडकर एक महान समाज सुधारक व्यक्तित्व हुनुहुन्थ्यो । मानव अधिकारका प्रहरी, सामाजिक कुरितिहरूलाई हटाउने एवं दलित वर्गको उद्धारक अम्बेडकरले भारतको निर्माणमा आपनो सर्वश्व नै न्यौछावर गर्नु भएको थियो । वहाँ एक महान सपुत हुनुहुन्थ्यो । सन् १९२० को प्रारम्भ कालदेखि वहाँ भारतको सामाजिक- राजनैतिक परिदृष्यमा देखिन थाल्यो या आगमन भएको थियो । भारतमा अंग्रेज शासनको अन्तिम दशकमा भएको सामाजिक, राजनैतिक एवं आर्थिक परिवर्तनमा वहाँले अहम् भूमिका निभाउनु भएको थियो । सन् १९४७ मा अंग्रेज शासकबाट भारत स्वतन्त्र भएपछि भारतको संविधान निर्माण गर्ने उत्तरदायित्व डा. अम्बेडकरलाई प्रदान गरिएको थियो । आधुनिक भारतलाई आत्मनिर्भर बनाउने क्षेत्रमा वहाँले आफूलाई जीवनपर्यन्त भारतको मार्गदर्शक बनी दिशा निर्देश गरी रहनु भएको थियो । तसर्थ डा. अम्बेडकर एक महान समाज सुधारक, मानव

अधिकारका निर्भीक पुजारी तथा भारतका दलितहरूको मसीहा हुनुहुन्थ्यो । जसले आधुनिक भारतमा सामाजिक उत्थानको निम्ति आफ्नो जीवन न्यौछावर गरीदिनु भएको थियो । अम्वेडकरको जीवन गाथा स्वयम्‌मा एउटा अदभूत परिदृष्य बन्न गएको छ । जन्मेदेखि युवा उमेर सम्ममा वहाँले असमञ्जस्यतामा झेल्नुपरेको थियो । हर पल, हर कदममा उपेक्षाको पीडा सहनुपरेको थियो ।

**५. शैक्ष्यनिक अवस्था :-** वहाँको जीवनको हर कदममा उपेक्षाको पीडालाई सहेर गम्भीर अध्ययनमा लाग्नु भयो । दलित एवं अपहेलित वर्गको तर्फबाट एस. एल. सी (म्याट्रिक) पास हुने प्रथम ब्यक्तित्व हुनुहुन्थ्यो । अत: वहाँलाई बडौडाजी महाराजले लण्डन, बेलायतमा उच्च शिक्षा हासिल गराउन पठाउनु भएको थियो । सन् १९१२ मा बी.ए.स्तरको परीक्षा उतीर्ण हुनु भयो भने सन् १९१५ मा वहाँले एम.ए डिग्री हासिल गर्नु भयो । अनि वहाँले सन् १९१६ मा कोलम्बिया विश्व विद्यालयबाट Ph-D उपाधि हासिल गर्ने हेतुले "National Dividend of India - A Historical and Analytical study" नामक थेसिस प्रस्तुत गरी स्विकृत भै सो विषयमा Doctorate डिग्री हासिल गर्नु भयो । तवदेखि वहाँलाई "डा.अम्बेडकर" भनी सम्बोधन गरीयो । वहाँले कानून विषयमा अध्ययन गरी Bar at Law को उपाधि हासिल गरी अछुत, उत्पीडित, दलित जातीको पक्षमा कानूनी वकालत गर्नु भएको थियो, त्यो पनि नि:शुल्क रुपमा ।

**६.क्रान्तिकारी ब्यक्तित्व :-** डा. अम्बेडकर सामाजिक राजनैतिक तवरले क्रान्तिकारी ब्यक्तित्व हुनुहुन्थ्यो । यस धरतिका अग्रणी नायकको रुपमा रहेकी नारी वर्गको उत्थान, उनीहरूको स्वतन्त्रता, समानता, र सम्मानका हक अधिकार हनन भएको बिरुद्ध सशक्त आवाज बुलन्द गर्नु भएको थियो । हिन्दु सवर्णहरूको पक्षपात पूर्ण अमानवीय ब्यवहारबाट अवाक्क भै वहाँले ई.सं. १९३५ अक्टोबर १३ का दिनमा भएको येवला कन्फेरेन्समा आत्म - उद्घोषण गर्नु भयो "मैं हिन्दू धर्म मे पैदा अवश्य हुआ हैं, परन्तु हिन्दु के रुप मे मरुंगा नहीं" अर्थात म हिन्दु धर्ममा पैदा (जन्म) भएपनि हिन्दु धर्मको रुपमा मर्ने छुईन । यसरी सार्वजनिक प्रतिबद्धता जाहेर गरी वहाँले क्रान्तिकारी तवरले अदम्य साहस प्रदर्शन गर्नु भयो । तत्पश्चात विभिन्न धार्मिक सम्प्रदायबाट वहाँहरूको धर्म सम्प्रदायमा दीक्षित हुनु, प्रवेश गर्न आग्रह गरीएतापनि डा. अम्वेडकरले कतैपनि झुकाव राख्नु भएन । बरु यावत् धर्महरूको गम्भीर अध्ययन पश्चात बडो सुझबुझका साथ ई.स.१९५६ अक्टोबर -१४ महान विजया दशमिको दिनमा आफूसहित दश लाख बढी अछुट, उत्पीडित, उपेक्षित, दलित वर्गको महानुभावहरूलाई महाराष्ट्रको पवित्र पावन पुण्यभूमि 'नागपुर'मा श्रद्धेय चन्द्रमणि महास्थविरज्यूको श्री मुखबाट पञ्चशील ग्रहण गरी सार्वजनिक तवरले घोषित गरी बुद्धधर्ममा दीक्षित हुनु भएको थियो । यस्ता अभूतपूर्व, अविष्मरणीय ऐतिहासिक बौद्ध सभामा "बौद्ध" भएको डेढ महिना पश्चात नै नेपालमा हुन गएको चत्तुर्थ अन्तराष्ट्रिय बौद्ध सम्मेलन, जुन विश्व बौद्ध भ्रातृत्व संघको आयोजनामा भएको थियो, मा ई.सं. १९५६ नोभेम्बर -२० का दिन सहभागी भै "बुद्ध र मार्क्स" विषयमा डा. भीमराव अम्वेडकरले ओजपूर्ण एवं सारगर्भित सम्भाषण

गर्नु भएको पनि संस्मरण गरीन्छ । उक्त सम्मेलनमा भारतबाट अन्य विद्वान वर्गमा महापण्डित राहुल सांकृत्यायन र भदन्त आनन्द कौशल्यायन भन्ने प्रबुद्ध ब्यक्तित्वको समूपस्थिती भएको थियो ।

**७. महान तर्कशास्त्रीको रुपमा :-** वेलायती उपनिवेशबाट स्वतन्त्र भएपछि भारतको सविधान रचना गर्ने कार्य डा. अम्बेडकरज्यूको काँधमा आईपुगेपछि वहाँको दिलो ज्यानले समर्पित भै संविधान निर्माण समितिको अध्यक्ष भै स्वयं रचना गरी आठ महिनाको दौरानमा सम्पन्न गरी संविधान सभा हलमा भारतका प्रथम प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरूलाई सुम्पन्नु भएको थियो, यो कार्यमा प्रथम राष्ट्रपति राजेन्द्र प्रसादको समुपस्थिति भएको थियो । आजसम्ममा सयौं पल्ट संशोधन भएतापनि मुलभूत रुपमा उक्त निर्मित संविधानको मौलिक संरचनामा कुनै किसिमको हेरफेर भएको छैन ।

तत्कालीन ब्रिटिश भारतको गभर्नर **"लिनलिथगो"** सितको सम्वादमा कायल भै वहाँले "तपाई **श्रद्धेय डा. अम्बेडकरसित हामी जस्ता ५०० जना स्नातकको दिमागले पनि** भ्याउन सक्तैन" भनी डा. अम्वेडकरको बुद्धि र तर्कशीलताको मुरी/मुरी प्रशंसा गर्नु भएको थियो । त्यस्तै गरी भारतीय जनताको संविधानको निर्माण क्रममा भारतको झण्डामा भगवान् बुद्धद्वारा प्रतिपादीत 'धर्म' भारतको राष्ट्रिय चिन्ह बनाउन सफल हुनु पनि डा. अम्वडेकरको तर्कशीलता नै थियो । भारतका राष्ट्रपिता महात्मा गान्धीले चर्खालाई राष्ट्रिय चिन्हको रुपमा भारतीय झण्डामा राख्न खोज्नु भएको थियो, तर डा. अम्वेडकरको तर्कशीलताले अत्याधिक बहुमतले भारतीय झण्डामा **"धर्मचक्र"** राख्न अनुमोदन गरीयो । तसर्थ तवदेखि भारतीय झण्डामा **"धर्मचक्र"** को प्रवन्ध गरी बुद्धधर्म र दर्शनको गरीमा र गौरव उच्च हुन पुगेको थियो । यस शुभ लाक्षणिक कार्य नै वास्तवमा अजर अमर कार्यसिद्धता हुन पुगेको छ वहाँको । यही सत्कार्य नै डा. अम्बेडकरको अविष्मरणीय योगदान हुन पुगेको छ र थियो पनि ।

**८. मनुष्मृति दहन:-** जातपात, छुवाछुत सामाजिक कलंक हो । जातपात र वर्ण व्यवस्थाको मूल जड भएको ग्रन्थ **"मनुस्मृति"** लाई **"अग्निदहन"** गर्ने कार्य ई.स.१९२७ डिसेम्बर - २५ का दिन गर्नु भएको ब्यहोरा भारतीय इतिहासबाट कदापि विलुप्त हुने छैन । यो एउटा अविस्मरणीय साहसीक घटना भै दिएको छ । असमानता, दमन र अन्यायमा आधारीत **"मनूस्मृति दहन"** जस्ता अदम्य साहसी कदमको प्रशंसा गरी, त्यसको कदर गरी डा. अम्बेडकरले गर्नु भएको "मनूस्मृति अग्नि दाह" जस्ता विषयमा भारतका नामूद भिक्षु एवं बौद्ध विद्वान भदन्त आनन्द कौशल्यायन ज्यूले **"मनूस्मृति जलाई गई क्यों ?"** भन्ने प्रशिद्ध ग्रन्थ रचना गर्नु भएको थियो ।

**९. प्रतिभाशाली ब्यक्तित्वको कृतित्व :-** डा. भीमराव अम्बेडकर एक बहुमुखी प्रतिभाशाली ब्यक्तित्व हुनुहुन्थ्यो । उहाँ एक उच्च कोटीको विद्वान, न्यायिक ब्यक्तित्व, लोक प्रशिद्ध वकिल, महान विचारक, महान विधिवेता, ओजस्वी लेखक, नामूद पत्रकार भारतका संविधान निर्माता पण्डित एवं अछुत, उत्पीडित, उपेक्षित, दलित जातिका मसिहा, एवं महान नेता हुनुहुन्थ्यो । त्यस्ता दुर्लभ

महान व्यक्तित्व हुनु भएकोले नै होला, वहाँको लेखनीय हात जता पनि पुगेको छ भन्ने कुरो वहाँले लेख्नु भएका लेख, ग्रन्थ र पुस्तकहरूबाट प्रमाणित हुन्छ । जस्तै धार्मिक क्षेत्रमा भगवान् बुद्ध र उनका धम्म, हिन्दु नारीका उत्थान और पत्तन, शुद्र कौन हैं ?Who are Shudras ? The Buddha and His Dhamma. त्यस्तै राजनैतिक विषयमा Pakistan are the Partition of Indian (1940) Gandhi and Congress have done to untouchable (1945), Federation V/S Freedom (1939), Rande, Gandhi and Ginnah (1943), States and Minorities Thought on Linguistic States (1945) थिए भने त्यस्तै गरी अर्थतन्त्रमा पनि वहाँले दुईबटा अग्रणी निधन लेख्नु भएको छ । जस्तै The Evolution of Provincial Financial Financial in British India (1917) The Provlem Of The Rupee : it's Origin and it's Solution (1925)

त्यस्तै गरी समाजशास्त्रीको रुपमा रही वहाँले लेख्नु भएको कृतिहरू निम्न प्रकारका छन् । Analysis of Caste (1936);Castes in India: Their Jenitious, Mechanism and Development (1918) त्यस्तै विज्ञान क्षेत्रमा वहाँले कलम चलाउनु भएको थियो, जून who were the shudras (1946)?, The untouchables, who were they and was they became untouchable ?, (1948) Administration and finances of East India company/The Evolution of Provincial finances in British India जस्ता ग्रन्थहरू रचना गर्नु भएको वहाँ एक कुशल बक्ता, नामूद लेखक हुनुहुन्थ्यो भनी प्रमाणित भएको छ ।

**१०.पुना सम्झौता** (Poona Pact) **को बारेमा:-** हिन्दू कोड बिल (Hindu Code-Bill) को सवालमा बाबासाहेव डा. भीमराव अँवेडकर र महात्मा गान्धी एवं भारतीय कांग्रेशको वीचमा मनमुटाव रहन गयो । अन्ततः संसदमा प्रस्तुत भएको हिन्दू कोड बिलको विरुद्धमा महात्मा गान्धीले आमरण अनशन बस्नु भयो । जातीय विभेद एवं छुवाछुत जस्ता वर्ण व्यवस्था अन्त्य गर्ने उद्देश्यले बाबासाहेब डा. भीमराव अम्वेडकरले संसदमा (Hindu Code-Bill) दर्ता गरी छलफल पश्चात पारित गर्न प्रस्ताव गर्नु भएको थियो । सो कार्यान्वयन गर्न नदिन महात्मा गान्धीले काँग्रेसको तर्फबाट खिचोला उठाई छलफल नै गर्न नदिई उक्त प्रस्ताव तुहाउन आमरण अनशन बस्नु भएको थियो । आमरण अनशनबाट गान्धीजीको स्वास्थ्य स्थिति बिग्रिदै गएपछि, स्थिति जटिल अवस्थामा पुगेपछि (Hindu Code-Bill) फिर्ता लिन लगाई महात्मा गान्धीको स्वास्थ्य बचाउ गर्न काँग्रेशका नामूद नामूद व्यक्तित्व अघि सरी सराई बाध्य पार्न डा.अम्वेडकरज्यूमा हार्दिक अनुनय विनय गर्न आए । महात्मा गान्धीलाई जीवनदान गर्न अनेक प्रयत्न र प्रयास गरे । डा.अम्वेडकरसित नजिक आत्मीय सम्बन्ध भएको काँग्रेसी मित्रहरूको आग्रहमा अन्ततः महात्मा गान्धीलाई जीवनदान हुने, गर्ने गरी पूनामा सम्झौता गरीयो, जसलाई इतिहासमा "Poona Pact" को नामबाट लोक प्रशिद्ध भएको छ । पछि महात्मा गान्धीले काँग्रेशको तर्फबाट "पुना पैक्ट उलङघन गर्ने कार्य गरीयो । महात्मा गान्धी जस्ता व्यक्तित्वले यसरी धोखा दिई पुना सम्झौता रद्दी टोकरीमा फयाक्ने काम भयो, गरियो ।

मानवताका धनी व्यक्तित्व बाबासाहेब डा. भीमराव अम्वेडकरले जीवनदान नगरे, नभए महात्मा गान्धीको र त्यसबेला संसदको स्थिति नै अर्को हुने निश्चित छ र थियो । दया, माया, करुणा र मैत्रीको प्रतीकरुपी बाबासाहेब डा. अम्वेडकरको

कारुणीक मैत्रीपूर्ण सदभाव माथि कुठाराघात हसन पुगे पनि भारतीय काँग्रश र महात्मा गान्धीको नियतको नकारात्मक प्रतिफल नै Poona Pact को रुपमा रही भारतीय इतिहास सदा जीवित साक्षीको रुपमा रहन्छ नै । Poona Pact भन्नु नै Hindu Code-Bill को सस्मरण आज पनि हुन्छ, हिजो पनि भयो नै, भविष्यका पुस्ताले समेत त्यबाट पाठ सिक्न खोजी नसति गर्ने छन् ।

**११.बैबाहिक स्थिति:-** बाबासाहेब डा. अम्बेडकरको जीवनमा दुईपल्ट बैबाहिक प्रणयन सूत्रमा आबद्ध हुनु भएको देखा पर्दछ । प्रथम पल्ट युवावस्था मै आफनो बुबाले प्रबन्ध गरी दिनु भएको विवाहमा उहाँले सुशील एवं व्यवहारिक तर अनपढ ग्रामीण नारी "रमाबाई" स्थित अध्ययनरत रहँदा रहँदैको अवस्थामा बैवाहिक जीवन यापन गरी त्यसबेलाको सामाजिक परिस्थितिसित जुझ्दै अध्ययनमा दत्तचित्त भै तिखारी नामूद विद्वत ब्यक्तित्वमा रुपान्तरण हुनु भएको थियो । आफनो जीवन संगिनीको देहावसान भएको २० बर्षपछि अर्थात ५७ बर्षको पाको उमेरमा डा. मिस सविता कविरसित मन बसाली दोस्रोपल्ट डा. अम्बेडकरले वैवाहिक लगन गाँठो कस्नु भयो । वैवाहिक जीवनमा प्रवेश भएपछि डा. सविता कविरको नामाकरण "डा. शारदा अम्बेडकर" को नामबाट उच्चारण गर्न थाल्यो र भयो पनि ।

**१२. संघर्षशील एवं आन्दोलनकारी व्यक्तित्व :-** बाबासाहेब डा. भीमराव अम्बेडकरको जीवनी भनेको संघर्ष र आन्दोलनसित आवद्ध जीवनी थियो । वहाँकै नेतृत्वमा "कालाराम मन्दिर प्रवेश" आन्दोलन गरी कालारामको दर्शन पूजन समेत गर्नुभएको थियो । त्यस आन्दोलनमा कथित हिन्दू धर्मावलम्बीहरूले मन्दिर प्रवेश गर्न नदिने कुटील चाल एवं सांघातिक प्रहार समेत गरेको थियो । सो आन्दोलनमा पन्ध्रौ हजार दलित महानुभावहरूले सहभागी हुनु भएको थियो । त्यस्तै गरी पवित्र तीर्थयुक्त तलाउमा स्नान गर्ने अभियानमा पनि दशौं - पन्ध्रौं हजार दलित वर्ग परिचालित गरी सामूहिक स्नान गर्ने कार्य डा. अम्बेडकरको अगुवामा भएको थियो । दलितहरू अछुत भएकोले दलितहरू पवित्र तीर्थयुक्त तलाउमा छुन नुहाउन नहुने, नपाउने हिन्दू संस्कारमा भएको त्यस्तो पवित्र तीर्थस्थल नदी नाला छुनु हुँदैन थुक्नु हुँदैन । त्यस्तो पवित्र स्थलमा पानी छुन नहुने अछुत दलितहरूले छोएमा अपवित्र हुने भनिएको कथित तलाउमा स्नान गर्दा अचोखो भयो भनी उक्त तलाउको १०८ घडा पानी निकाली रुद्र पाठ उपल्लो वर्गका ब्राम्हणहरूले गरी पवित्र तलाउ गंगाजी शुद्ध गर्ने कार्यसमेत त्यसबेला गरेको थियो । अझै पनि छिमेकी मुलुक भारत र नेपालमा कायम छ छुवाछुत र भेदभावको क्रियाकलाप ।

**१३. यथाबादी तथाकारी ब्यक्तित्व :-** डा. भीमराव अम्बेडकर साँचो मानेमा यथावादी तथाकारी व्यवहार गर्ने महान ब्यक्तित्व हुनुहुन्थ्यो । वहाँले **येवला सम्मेलन**मा घोषणा गरी प्रतिबद्धता जनाए बमोजिम प्राण त्याग गर्ने बेलामा हिन्दू धर्म त्यागी भगवान् बुद्धले देखाउनु भएको मार्ग अनुशरण गरी वहाँ लगायत १० लाख भन्दा बढि दलित वर्गका महानुभावहरूले श्रद्धेय भिक्षु चन्द्रमणी महास्थविरज्यूको श्रीमुखबाट पञ्चशील ग्रहण गरी अक्टोबर -१४,१९५६ ई.स.को दिन नागपुरको

मैदानमा बुद्ध धर्म ग्रहण गरीयो र अन्तिममा डिसेम्बर ६, १९५६ को दिनमा ६५ वर्षको उमेरमा यस अनित्य भौतिक संसारबाट सदाको निम्ति बिदा भएको पनि ६० बर्ष भईसक्यो ।

**१४. श्रद्धा सुमन अर्पण :** बाबासाहेब डा. भीमराव अम्बेडकरको शव यात्रामा वहाँको पार्थिव शरीरमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै तत्कालीन लोकसभाका माननीय अध्यक्ष सरदार गुरु दयाल सिहज्यूले यसरी अभिव्यक्ति प्रकट गर्नु भयो, "डा. भीमराव अम्बेडकर एक महान सपुत, महान देशभक्त, दार्शनिक, अछुत जातिका महान नेता एवं भारतीय संविधानका प्रमुख रचियता हुनुहुन्थ्यो । डा. अम्बेडकरज्यू भारतका महानविभूतिहरू मध्ये एक हुनुहुन्थ्यो ।"

अन्तमा ई.स २०१६ अप्रिल १४ का दिन भनेको डा. अम्बेडकरको यस धरतिमा पदार्पण भएको १२५ औं वर्ष पूर्ण हुने दिन हो । अत: यस्तो पावन दिनबाट प्ररणा लिई सम्यक जीवन यापन गरौं । विश्व शान्ति कायम गर्नमा ठोस पाईला चालौं ।

***भवतु सब्ब मङ्गलं ।***

---

**तिमीहरु (भिक्षुहरु) विभिन्न कुल र जातिबाट आएका छौ । सब आ-आफ्नै अस्तित्वमा बगिरहेको विभिन्न नदीहरु जब सागरमा गएर मिसिन्छ, तिनीहरुको पृथक अस्तित्व मेटिन्छ र सबै एउटै हुन्छ । त्यस्तै सङ्घमा पनि कसैको छुट्टै पहिचान हुँदैन । सबै बराबर र समान हुन्छन् ।**

***— गौतम बुद्ध***

---

**स्वर्ग गन दु,**
**नर्क गन दु**
**छु देय्या थाय् ख: व ?**
**स्वर्ग व नर्क खपिं मनूत**
**छु देय्या नागरिक ख : ?**
**शोषण मरुगु ख: देय् हे स्वर्ग**
**नर्क ख:न्हाँ अन्यायीया,**
**सुनां याइ शोषणया विरोध,**
**खनि वं थन स्वर्ग व नर्क ।**

***— बौद्ध दर्शन अध्ययन समाज***

---

**यदि यज्ञमा मारिएका पशु स्वर्ग जाने भए यज्ञ गर्ने पुरोहित आफ्नै बाबुलाई किन यज्ञमा मार्दैन ? श्राद्धपछि मरेका प्राणीहरुको प्राप्तिको कारण बन्न सक्छ भने यात्रामा जाने व्यक्तिको योजनाको चिन्ता व्यर्थ छ । जीव वा आत्मा शरीर बाट निस्केर परलोक जान्छ भने दाजुभाइको स्नेहले व्याकुल भएर तिनीहरु किन फर्कदैनन् । मर्ने मानिसहरुको श्राद्धको काम बाहुनहरुले आफ्नो कमाउने साधन बनाएको हो ।**

***— चार्वाक***

# बहाबही संरक्षणमा बौद्ध संस्थाको दायित्व

समन्ता शाक्य, रक्षेश्वर महाविहार, ललितपुर

**भूमिका**

सामान्यतया भिक्षु तथा भिक्षुणीहरूका लागि बस्न, ध्यान गर्न, धार्मिक छलफल गर्न तथा बौद्ध शिक्षा अध्ययन अध्यापन गर्न बनाइएको भवनलाई विहार भनिन्छ। विहार शब्दको व्युत्पति "विहारति" शब्दबाट भएको हो। प्रारम्भमा भिक्षु भिक्षुणीहरू जंगल तथा गुफा आदिमा बस्ने गर्दथे। पछि संघको लागि विहार दान दिने कार्यहरू हुनगएबाट विहारहरूमा भिक्षु तथा भिक्षुणीहरूको वसोवास गर्ने क्रम शुरु भएको हो। बौद्ध इतिहासअनुसार शाक्यमुनि बुद्धको जीवनकालमा संघका लागि बौद्ध विहारहरू बनाई दान दिने कार्य धेरै नै भएको पाइन्छन्। राजा विम्बिसारले वेणुवन विहार दान दिएर बुद्ध शासनको जग बसालेका थिए। त्यस्तै अनाथपिण्डकले जेतवन विहार र विशाखाले पूर्वाराम विहार बनाई भिक्षुसंघलाई दान दिएका थिए। नेपालको सन्दर्भमा श्री स्वयम्भू धर्मधातुको दर्शनका निम्ति आउनुभएका ककुच्छन्द बुद्धले काठमाण्डौको दक्षिण भागमा अवस्थित शिवपुरी डाँडामा गई आफूसँग आएका ७०० जना शिष्यहरूलाई बुद्ध धर्ममा दिक्षित गरी ती शिष्यहरूलाई बास बस्न पहिलो बौद्ध विहारको निर्माण गरिदिएको स्वयम्भू पुराणमा उल्लेख भएको पाइन्छ। त्यस्तै ईशापूर्व छैठौं शताब्दीमा कोशल देशका राजा विडुडभले कपिलवस्तु राज्यमा गरेको विध्वंशकारी आक्रमणबाट बच्न त्यहाँका शाक्यहरू विभिन्न ठाउँमा भाग्ने क्रममा काठमाण्डौ उपत्यकामा पनि पसेका थिए। ती नै शाक्यहरूको समूहले साँखुको गूँविहार स्थापना गरेको किराँती वंश शासनको इतिहासमा उल्लेख गरेको पाइन्छ। यसरी विहार निर्माण कार्य किराँतकालदेखि विकसित हुँदै लिच्छविकाल, मल्लकाल र शाहकालसम्म पनि निरन्तर भएको पाइन्छ।

भगवान बुद्धले संघलाई विशेष महत्व दिएको पाइन्छ। बहुजन हिताय बहुजन सुखायको लागि संघको अपरिहार्य हुन्छ। बुद्धले आफूले प्राप्त गरेको दुर्लभ ज्ञान सर्वप्रथम सारनाथ मृगदावनमा पञ्च वर्गीय भिक्षुहरूलाई देशना गरी बौद्ध संघको स्थापनाको शुभारम्भ गर्नुभएको थियो। बुद्ध शासनमा चार प्रकारको संघ उल्लेख गरेको पाइन्छ। ती हुन् - भिक्षु संघ, भिक्षुणी संघ, उपासक संघ र उपासिका संघ। यी सम्पूर्ण संघहरूको स्थापना गर्नुको प्रमुख उद्देश्य बुद्ध शासनलाई चीरस्थायी बनाउनु हो। विभिन्न बौद्ध संस्थाहरू पनि बौद्ध संघ अन्तर्गत नै पर्दछन्।

*विषय प्रवेश*

बहाबही भन्नाले साधारणतया नेपाल मण्डलमा रहेको परम्परागत बज्रयानी महाविहारहरू भन्ने बुझिन्छ । प्रत्येक बहाबहीमा शाक्य बज्रचार्यहरूको संघ रहेको हुन्छ । जसलाई सम्बन्धित बहाबहीको सर्वसंघ भनेर चिनिन्छ । सर्वसंघ सदस्यहरूबाट विहार सुधार समिति अथवा गुठी आदि संघ संस्था स्थापना गरी आ-आफ्नो विहारमा गरिने विविध बौद्ध गतिविधिहरूको रेखदेख, व्यवस्थापन तथा समन्वय कार्यमा समेत महत्त्वपूर्ण भूमिका निभाएका हुन्छन् । यी बाहेक विहारको भौतिक संरचनालगायत चल अचल सम्पत्तिको उचित लेखाजोखा राखी संरक्षण र सम्बर्द्धन कार्यमा पनि विशेष ध्यान दिएको हुन्छ । यसरी बौद्ध साहित्य, कला, संस्कृति र परम्पराहरू वर्तमान समयसम्म निरन्तरता पाउनुमा बौद्ध संस्थाहरूको ठूलो योगदान रहेको हामी पाउँछौं । यी मौलिक सम्पदाहरूलाई आधुनिक प्रविधि अपनाई सहि सलामत सुरक्षित गरी भावी सन्ततीहरूको निम्ति हस्तान्तरण गर्न साथै सु-संस्कृत, सभ्य र विकसित बौद्ध समाजको परिचय दिन बौद्ध संस्थाहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

नेपालमा अनगन्ती बौद्ध संस्थाहरू खोलिएका छन् । प्रत्येक बौद्ध संस्थाहरूको मूल उद्देश्य मानव मस्तिष्कमा मैत्री, करुणा, मुदिता र उपेक्षाको भाव जागृत गरी शान्त र सृजनशील समाजको निर्माण गर्नुका साथै बौद्ध साहित्य, कला र संस्कृतिको उचित संरक्षण र सम्बर्द्धन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचार-प्रसार तथा प्रवर्द्धन गर्नु रहेको हुन्छ । काठमाण्डौ उपत्यकाका प्रमुख बौद्ध संस्थाहरू जसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा अटुलनीय योगदान पुऱ्याउन सफल भएको मध्येमा धर्मोदय सभा, अखिल नेपाल भिक्षु महासंघ, बज्रयानी महासंघ, बौद्ध विहार संघ, युवक बौद्ध मण्डल (YMBA), नेपाल परम्परागत बौद्ध धर्म संघ, बौद्ध युवा कमिटि, मैत्रेय युवा संघ आदि पर्दछन् । बहाबहीको संरक्षणमा बौद्ध विहार संघ, ललितपुरले ललितपुर नगरका प्रमुख बहाबहिको लालपूर्जा लिई वितरण गर्नुका साथै सम्पूर्ण बहाबहिको विवरण समावेश भएको ऐतिहासिक पुस्तकसमेत प्रकाशन गरी उल्लेखनीय कार्य गरी इतिहासमा सुनौलो अक्षरले नाम लेख्न सफल भएको छ । त्यस्तै मैत्रेय युवा संघले पनि भक्तपुर जिल्लामा रहेको बहाबहीको ऐतिहासिक अनुसन्धानात्मक ग्रन्थ प्रकाशित गरी अति सराहनीय कार्य गरेको छ ।

काठमाण्डौ उपत्यकामा रहेको बहाबही परम्परागत बौद्ध धर्म, संस्कृति, कला र साहित्यको खुल्ला संग्रहालयको रुपमा चिनिन्छ । यहाँ बसोवास गर्ने स्थविर आजु, शाक्य, बज्रचार्यहरूले परापूर्वकालदेखि वर्तमान अवस्थासम्म पनि बौद्ध परम्पराहरूलाई संरक्षण सम्बर्द्धन गरी अभ्यास गरी जीवन्त राखिरहेका छन् । साथै बहाबहीमा रहेका मूर्तीकला, चित्रकला, धातुकला, काष्ठकला र वास्तुकला लिच्छवीकालिन र मल्लकालिन समयका उत्कृष्ट कलाको नमूना हुन् । यी अद्वितीय कलाको उचित संरक्षण, सम्बर्द्धन तथा प्रबर्द्धन गर्न सकेमा आन्तरीक तथा विदेशी पर्यटकको आकर्षकीय केन्द्रविन्दुको रुपमा विकास गर्न सकिन्छ । जसले गर्दा बहाबहीको संरक्षणमा आर्थिक टेवा पुग्नुको

साथै संघ सदस्यहरूको हस्तकलालगाएत अन्य व्यापार व्यवसायसमेत वृद्धि भइ राम्रो आय-आर्जन हुने प्रवल सम्भावना हुन्छ ।

कुनैपनि विहारको भौतिक संरचना निर्माण गर्ने क्रममा त्यहाँ पूजा कोठा, ध्यान कोठा, सयन कोठा, विश्राम कोठा, अध्ययन कोठा, प्रवचन कोठा आदी निर्माण गरेको हुन्छन् तर वर्तमान अवस्थामा बहाबहीमा गृहत्यागी भिक्षु भिक्षुणी बसोबास नगरी गृहस्थ बौद्ध शाक्य बज्राचार्यहरूको बसोबास बाहुल्यता रहेको हुँदा खाली रहेको कोठाहरू सही तरीकाले प्रयोग भएको देखिंदैन । हाल यस्ता कोठाहरू प्रायजसो विहारहरूमा भोज भतेरको लागि बढि प्रयोग गरेको देखिन्छन् । बौद्ध संघ संस्थाहरूले बहाबहीमा रहेका खाली ठाउँ या कोठाहरूलाई बौद्ध शिक्षाको अध्ययन अध्यापन तथा बौद्ध कला प्रशिक्षण प्रदर्शन आदि कार्यमा सदुपयोग गर्नु पर्दछ । बौद्ध संस्थाहरूले आफ्नो कर्तव्य तथा दायित्व बिर्सिएमा कुनै दिन अबौद्ध व्यक्तिहरूको अतिक्रमणमा नपर्ला भन्न सकिंदैन ।

काठमाण्डौ उपत्यकाका बहाबहीहरूको अस्तित्व सबैभन्दा खतरामा रहेका छन् । बहाबहीमा बसोबास गर्ने शाक्य बज्राचार्य जो बहाबहीको संरक्षणको पूर्ण जिम्मेवारी रहेका व्यक्तिहरू हुन् तीनीहरूमा अहिले बौद्ध शिक्षाको कमी भएकोले बौद्ध परम्परा तथा संस्कृति र संस्कारलाई विस्तारै परित्याग गर्दै लगेको पाइन्छ । विहारका कतिपय सदस्यहरू जागिर र व्यवसायको सिलसिलामा बसाइ सरिसकेका छन् भने कोहीले त विहारका घरहरूलाईसमेत गैर बौद्धहरूलाई बेचबिखन गरी बिहारको वातावरण नै ध्वस्त बनाई गएका छन् । त्यस्तै प्रायजसो विहारहरूमा रहेका जग्गा जमिन आयस्ताहरू बेचेर सखाप पारिसकेको स्थिति छ भने कहिंकतै टाथाबाठा सदस्यहरूले जग्गा जमिन निजीकरण गरी खाएको भेटिन्छन् । यी सम्पूर्ण कुकर्म क्रियाकलापहरूलाई रोक्न, सावधानी गर्न र बदलिंदो परिस्थितीमा कस्तो भूमिका खेल्नुपर्छ भन्ने कुरामा बौद्ध संस्थाहरूले अति गम्भीर भएर सोच्नु पर्दछ ।

***उपसंहार***

बहाबही परम्परागत बौद्ध धर्म, संस्कृति, कला र साहित्यको खुल्ला संग्रहालयको रुपमा चिनिन्छ । बौद्ध धर्मको प्रचार-प्रसार तथा बौद्ध संस्कृति, कला र साहित्यको संरक्षण तथा सम्बर्द्धन गर्न सर्वप्रथम बहाबहीको संरक्षण गर्नु अति आवश्यक छ । बहाबहीको संरक्षण तथा सम्बर्द्धन गर्न संघ संस्थाहरूको गहन भूमिका रहेको हुन्छ । संघ संस्थाहरूले बहा-बहीहरूको पुरातात्विक महत्वको विषय उजागर गरी देश र विदेशमा प्रचार-प्रसार गरिदिनुपर्छ जसले गर्दा पर्यटकहरूको आवत-जावत भइरहन्छ । बहाबहीहरूको संरक्षण तथा सम्बर्द्धन कार्यमा संघ संस्थाहरू अग्रसर भइ लाग्नु पर्दछ । साथै लोप भएका विहारहरूको पनि अध्ययन अनुसन्धान र खोजनीति गर्नु जरुरी छ । संघसंस्थाहरूले सरकारलाई विहारहरूको संरक्षणका लागि राज्यबाट छुट्टै कोषको व्यवस्था गराइ दिन पहलसमेत गर्नुपर्दछ ।

# गुणकिर्ति महाबिहार

***परिचयः***

थिमि न.पा. वडा नं. ११ दिगु त्वालय् हेमवर्ण महाबिहार उत्तरपाखे गुणकिर्ति महाबिहार अवस्थित जुयाच्वंगु दु। स्थानीय जनसमुदाय बीचय् थुगु बाहा "दिगु बाहा" कथं म्हसिया च्वंगु दु।

***ऐतिहासिक पृष्ठभूमि***

ऐतिहासिक श्रोतया अभाबय् थुगु बाहा गुबलय् निर्माण जुल धाये थाकुगु जुल। बाहालय् दुने लिच्छविकालय् दयेका तःगु चैत्य व पद्म सम्भव गुरुयागु मूर्ति दु। थन सुरक्षित जुयाच्वंगुसम्पदात अध्ययन यायेबले थुगु बिहार ने.सं. ६८४ न्ह्यो हे दय् धुंकल धैगु पुष्टि जू। ने.सं. ६९६ चैत्र कृष्ण त्रयोदसि बिहिबारकुन्हु यें असंत्वाः याःम्ह जितराज तुलाधरजुं सम्यक दानय् थन च्वंम्ह दीपंकर यात निमन्त्रणा पौ छ्वया हगु खः। अथेहे बाहालय् ने.सं. ८०८ या ल्वहँपौ छगू नं दुगु जुल। थुगु ल्वहँ पतिइ दण्डपाणि वज्राचार्य बाहा जिर्णोद्धारयानाः थःगु भ्वातां (शालिक) स्थापना यानाःगु खँ उल्लेख यानाः तःगु दु। थुगु ज्वातां (प्रतिमा) बाहाया खव पाखेच्वंगु शिलास्तम्भ च्वय् स्थापना यानाः तःगु दु।

***बिहारया स्वरुप***

थिमिइ बाँलाक संरक्षण जुयाच्वंगुबाहाया धलखय् थुगु गुणकिर्ति महाबिहारनं लाना च्वंगु दु। बाहालय् दुहाँ वनेगु मू लुखाया जवं खवं ल्वहँयाःम्ह तःधिकपिं सिंह निम्ह तया तःगु दु। मू लुखां दुहां वनेबलय् जबय् सिंयागु पातला दय्का तःगु ध्वदुइ। अथेहे खवय् महाँकालया मूर्ति अंगलय् स्थापना यानाः तःगु दु। थनं बिहारया प्राङ्गणय् क्वहां वनेगु त्वाथः दु। बाहाया चतुष्कोण चाहिक फः दय्का तःगु दु। चतुष्कोणया दथुइ अशोक चैत्य स्थापना यानाः तःगु दु। चैत्य लिक्क धर्मधातु मण्डल दु। नापं थन यज्ञकुण्ड व क्षेत्रपाल स्थापना यानाः तःगु दु।

मूलुखाया चुलंचू स्वंगू तल्लागु क्वाःपाःछें दु। क्वाःपाःछेँया भौतिक स्वरुप जिर्ण अवस्थाय् लाना च्वंगु दु। स्वतजागु थुगु क्वाःपाःछेँया आय्पा पौ कुतुं वय् धुंकुगु दु। इलय् हे क्वाःपाःछेँया स्यों ल्हों मजुल धाःसा थुगु छेँ याकनं हे दुनिगु संम्भावनाः दु। थुकीं संघ दुजः पिनिगु ध्यान वनेमाःगु खनेदु। थनया क्वाःपाःछेँय् पश्चिमाभिमुखँ यानाः अक्षोभ्य बुद्ध स्थापना यानातःगु दु। क्वाःपाःछेँ वज्रं प्लास्टर यानाः तःगु जुल। क्वापाःद्यो थाय् दुहां वनेगु मू लुखाया जवं खवं चिचि पाःगु निपाः तिकिझ्याः दु। मू लुखाय् कलात्मक बुट्टा किया तःगु सिंयागु तोरण दु। थुगु तोरणय् दकसिबे च्वय् चैत्य, चैत्ययां क्वय् बज्रसत्व व वयाः नं क्वय् नामसंगितिं यागु मूर्ति किया तःगु दु। जःखः मकरास कियातःगु ने.सं.

८५७ या थुगु तोरणय् जुजु रणजित मल्लयागु नां उल्लेख जुयाच्वंगुदु ।

क्वा:पा:द्योया मूलुखाया ज:ख ल्वंहया निम्ह सिंह दु । अथेहे लुखाया ज:ख: निपा ल्वहंपौ नं दुगु जुल । निगूगु तल्लाया दथ्वी न्यापा: झ्या व जंवखवं चिकिपा:गु तिकिझ्या: तया त:गु दु । न्यापा: झ्याया दथ्वी सिंयागु छ्पा: तोरण दु । थ्व तोरणय् महाँकाल व वज्रसत्वया: मूर्ति किया त:गु दु । झ्या: त्वपुइ कथं आय्पा पौ तया त:गु दु । थुगु तल्लाय् खुपु तुनासिं पाखा: फयेका त:गु दु । थनं च्वयेयागु तल्लाय् स्वपा: तिकिझ्या: छुना त:गु दु । थन नं खुपु तुनासिं आय्पा पौ फयेका त:गु दु । पौया गजूकथं चैत्य त:या त:गु दु ।

द्यो छेँया ज:व पाखे पद्मसम्भव गुरुया जिर्णोद्धार याना: त:गु छगू मूर्ति अलग क्व:थाय् सुरक्षित याना: त:गु दु । आगंछेँ पिने ज:वय् अन्दाजि १½ फूटम्ह ल्वहँया बसुन्धरा देवी तया ख:वय् अन्दाजि २ फूटम्ह अमोघपास लोकेश्वरया मूर्ति पलिस्था याना: त:गु दु । अथेहे थन बाहालय् गुलाँबले ब्वइपिं लुँ सियातपिं निम्ह दीपंकर व भिक्षुया मूर्ति नं दुगु जुल । थुकीमध्ये तधिकम्ह दीपंकरया मूर्ति ने.सं. ६८४ व चिधिकम्ह ने.सं. ६८९ सालं निर्माण याना:त:पिं ख: ।

**बिहारया संघ**

गुणकिर्ति महाबिहारय् ३५गु परिवारया अन्दाजि १५० संघ दुज: दु । संघ दुज:पिं बाहा कव: यापिं ख: । ने.सं. ८८८ य् जूगु गोर्खा जुजुया ख्वप आक्रमणं थुगु बाहायात नं असर ला:गु जुल । उल्लेखजुयाच्वंगु कथं थुगु बाहाया दुज: दण्डपाणि वज्राचार्यया कथं थुगु बाहाया दुज: दण्डपाणि वज्राचार्यया सन्तानपिंसं गोर्खा जुजु पृथ्वीनारायण शाहया पक्ष: ल्यूगु जुल । बाहाया मेगु परिवारं ख्वपया जुजु रणजित मल्लया पक्ष वंगु जुल । लिपा ख्वप त्याके धुंका गोर्खाया जुजुं रणजितमल्लया पक्षधरपिंत बिहारं पितिना छ्ववत । थुकथं बिहारं पितना छ्ववपिं संघ दुज:पिं मध्ये गुलि थिमि त्व:ता यैं नरदेवी लिक्क सुन्ता गां धैगु थासय् च्वं वंगु जुल । गुलिं पितिना छ्व:प्रि बाहा लिक्कसं बसोवास याना: वयाच्वंगु दु । थुकथं पितिंका च्वंपित बिहारय् थ: मचात: चूडाकर्म यायेगु बाहेक बिहारया मेगु छुं ज्याइव:लय् सहभागि याका त:गु मदु ।

थन बिहारय् बरेछुय्गु व आचालुय्गु ज्याइव: नं जुयाच्वंगुदु । थिमि देया वज्राचार्यपिनि मस्तय्त चूडाकर्म याइगु ज्याइवलय् अप्पो याना: थनया निम्ह दीपंकरत ग्वय् दां तया निमन्त्रण याइ । थथे ग्वय्दां तया निमन्त्रण यात धा:सा मेमेगु बाहालय् नं दीपंकर बिज्याकी । जयसदाशिव मल्ल जुजुया पालय् असं त्वा:या छम्ह दानपतिं जितराज तुलाधर थम्हं न्यायेकुगु सम्यक ज्याइवलय् थनया दीपंकरयात नं नियन्त्रण छ्वया: हया: त:गु दु ।

थुगु बिहारया वज्राचार्यपिं मल्लकालय् पूजा कर्मकाण्डया निम्ति उत्तिकं हे नांदंपिं जुल । ने.सं. ७६७ या छगू सिज:पतिइ बाहाया जितपाल वज्राचार्य ख्वप याछेँ त्वालय् वना: जात्रा चले या:वंगु खँ उल्लेख जुयाच्वंगुदु ।

**बिहारया ज्याइव:**

थुगु बिहारया संघ दुज:पिंस दच्छिइ छक थकालि कथं द्य:पा: फय्मा:गु व्यवस्था यानात:गु दु । द्यपा:फइम्हं नित्य पुजाकथं सुथय् देखे चाय्केगुनिसें क्या सुन्ध्याकाइलय् आरति बियेगु ज्या याना: वयाच्वंगु

दु। दँय् छक गुलाँ बहिद्यो ब्वयेगु इलय् बलय् थनयापिं लुँसियातपिं दीपंकर निम्ह व भिक्षुया मूर्ति समेत याना: स्वंगू मूर्ति च्यान्हु थन बिहारय् ब्वयेगु परम्परा दु। थ्व दीपंकरया ल्हातय् दुगु अभिलेख कथं ने.सं. ७३९ पौष महिनाय् दीपंकर दयेकुगु ख:। अथेहे दँय् छक हेमवर्ण महाविहारया छम्ह व थनया निम्ह याना: मुक्कं स्वम्ह दिपकरपिं थिमि, नगदे व बोडेया थीथी त्वालय् यंका ब्वयेगु नं चलन दु। थुगु इलय् गन गन दीपंकर बिज्याकी अनच्वंपिं स्थानीय मनूतय्सं दीपंकरयात पूजा छाय् हई तथा दीपंकर नापं बिज्यापि गुरुजुपिन्त पञ्चदान नं फयेकेगु ज्या जुई।

**बिहारया वर्तमान स्थिति**

थिमि देया छगू बाँलाक्क संरक्षण जुयाच्वंगु बाहा थ्व ख:। बाहालय् दय्मा:गु आधारभूत अङ्गत, थन बिहारय् पूर्ण जुयाच्वंगुदु। थथे धैगु बिहार दय्कण बास्तुकलाया सपूर्ण अङ्ग थन थौतक्क नं मोज्दात जुयाच्वंगु थन खँके फु। थ्व बाहाया संघ दुज: पिंस इलय् बिलय् बिहार जिर्णोद्धार यायेगु ज्या: याना वयाच्वंगु थन स्थापना याना: त:गु ल्वहँपौ कथं नं सिकेफु। हालसालय् तिनि बाहाया निखें जख च्वंगु क्यवय् ढलानयाना: छेँ दय्कुगु दु। थकीं याना: थन बिहारय् छु नं धार्मिक, सामाजिक ज्याझ्व: यायेत सुविस्ता जुयाच्वंगु दु।

थन बिहारय् सुनं संघ दुज:पिं च्वना च्वंगु मदु। धार्मिक ज्याझ्व: यायेत जक संघ दुज:पिं थन बिहारय् वइगु ख:। बिहारमा मू लुखाया च्वय् आगं कोथा व न्ह्योने क्वा:पा:द्यो छेँ हे जुल। थन दुगु गुरु पद्मसम्भवया मूर्ति व लिच्छविकालिन चैत्य स्वयबले थ्व बिहार नं पुलाँगु बिहार ख: धैगु स्पष्ट जू।

# बाँच्ने नै हौ यदि भनें

ఆ डा. गनेश माली

केवल दु:खको पोको भएर नबाँच, मान्छे, यहाँ
जन्म जन्मसम्म दु:ख भोगी सुखको आशामा।
शरीर र मनका कामनाहरूलाई आफ्नो ठानी,
पूर्ति गर्न खोज्दा-खोज्दै,
दु:खको भुमरीमा अल्भँदै जीवन नबिताऊ।
थाहा पाऊ, कामनाको पूर्ति कहिल्यै हुँदैन,
केवल कामनाको रुपान्तर मात्र हुन्छ यहाँ!
यो अनित्य शरीर र मन तिम्रो होइन,
परिवर्तनशील छ, यो संसार, केवल परिवर्तन मात्र छ यहाँ,
न त को ही हुन्छ परिवर्तित, न गर्छ कसैले परिवर्तन यहाँ,
सब स्वभावबश पलपल बदलीरहन्छन् यहाँ।
यस्तैमा, अज्ञानवश अनि संस्कारवश,
शरीर र मनलाई नित्य सम्भी प्यारो ठानी,
संसारको जंजालमा फँसेर,
सुख-सुख भन्दै दु:खको ज्वालामा जलीरहेछौं यहाँ,
बाँच्नेनै हौ यदि भने, ए मान्छे!
ठीकसँग बाँच्न सिक। आर्यसत्यको प्रकाशमा,
शील-समाधि-प्रज्ञाको राजमार्गमा हिंड्दै
अनि प्राणीहरूको उद्धार गर्न,
लोकको हित र कल्याण गर्न,
अनन्त समायसम्म बाँच यहाँ।

नियात्रा: नयाँ कलम

# परियतिको एकदिने शैक्षिक भ्रमण



काजोल बासुकला, जेनिथ इ.से.स्कुल

२०७३ भाद्र ११ गते मैत्रय युवा संघद्वारा आयोजित एकदिने शैक्षिक भ्रमण कार्यक्रममा हामी ५० जना परियत्तिका साथीहरू सहभागी भयौं। आफू त्यस कार्यक्रममा सहभागी भएको कारणले आफ्नो केहि अनुभव सुनाउन चाहन्छु। हामी करिब ७:३० बजे दूधपाटिको बसपार्कमा भेला भई रिजर्भ गाडिमा बस्यौं र करिब ८ बजेतिर त्यहाँबाट बनेपाको ध्यानकुटी बिहारतर्फ लम्क्यौं।

करिव ८:३० बजेतिर हामी त्यहाँ पुग्यौं, चियापान गऱ्यौं र सबैजना एकछिन खेल्यौं, करिव ११:१५ बजेतिर हामीले ध्यानकुटी बिहारमा बस्नु भएको संघनायक श्रद्धय भिक्षु अश्वघोष महास्थविरको ९० वर्ष पुग्नु भएको उपलक्ष्यमा मैत्रेय युवा संघ भक्तपुरबाट अश्वघोष भन्ते, राहुल भन्तेज्यूलाई भोजन दान र मैत्री केन्द्र बाल शिविरका १३ जना विद्यार्थीहरू, वृद्ध बजेहरूलाई पनि भोजन दान गऱ्यौं। पछि हामीले पनि भोजन गऱ्यौं र करिब १२ बजेतिर हामी धुलिखेलमा रहेको शान्ति वन शिखरापुर बिहार अवलोकन गऱ्यौं। त्यहाँ हामीले बुद्धको विशाल मुर्ति देख्यौं। त्यहाँ निकै शान्त र हरियाली स्वच्छ वातावरणको अनुभूति गऱ्यौ।

त्यसपछि हामी नालाको करुणामय नाला गुम्बामा गऱ्यौं। हामीले नालामा ठूलो गुम्बाभित्र बुद्धका मूर्तिहरू र उनका जीवनी भित्तामा कोरिएको हेऱ्यौं। हामीले त्यहाँ समूहमा बसी फोटो सेसन गऱ्यौं। त्यसपछि हामी वनेपाको बोधिचर्या बिहारतर्फ लाग्यौं। त्यहाँ हामीले श्रद्धय भिक्षु बोधिसेन भन्तेलाई भेट्यौं। उहाँले हामीलाई परियत्ति शिक्षाको महत्त्वबारे उपदेश दिनुभयो।

उहाँले हामीलाई भित्र र बाहिर दुवैतर्फ पाकेको आँप जस्तै हुनुपर्ने उदाहरण दिनुभयो। जसको तात्पर्य "हामीले परियत्ति शिक्षालाई अध्ययनका साथसाथै दैनिक जीवनमा प्रयोग र लागू गर्नु हो।" भनी बताउनुभयो। उहाँको उपदेश सुनिसके पछि हामी फेरी ध्यानकुटी बिहार फर्क्यौं।

ध्यानकूटी बिहार फर्केर हामीले खाजा

खायौं । त्यसपछि एउटा सानो कार्यक्रम भयो जसमा ध्यानकूटी बिहारका प्रमुख राहुल भन्तेज्यूले प्रमुख आतिथ्य ग्रहण गर्नुभयो । त्यसैगरी संघका उपाध्यक्ष तिर्थराज बज्राचार्यज्यू, मैत्रय युवा संघका अध्यक्षा सत्यलक्ष्मी रंजितकारज्यू र सल्लाहकार लक्ष्मीचन्द्र बज्राचार्यज्यूले आतिथ्य ग्रहण गर्नुभयो ।

कार्यक्रममा बिहारका प्रमुख राहुल भन्ते ज्यूले वि.सं.१९८३ सालमा जन्मनु भएको श्रद्धय भिक्षु अश्वघोष महास्थविर नेपालका जेष्ठ र सर्वश्रेष्ठ हुनुहुन्छ । उहाँले १२५ वटा भन्दा बढि पुस्तकहरू लेख्नुभयो । उहाँले धेरै ठाउँमा धर्म प्रचार गर्नुभयो । बुद्ध शिक्षा प्रचारप्रसारको लागि उहाँले धेरै जनालाई प्रवजित गराउनु भयो र बुद्ध शिक्षा अध्ययन अध्यापन गराउनुभयो । उहाँकै सक्रियतामा २०३० सालमा वनेपामा ध्यानकुटी बिहार स्थापना गर्नुभयो । २०५७ सालमा मैत्री केन्द्र बाल आश्रम स्थापना गरेर धमानुशासकका रूपमा बसेर असहाय बालकहरूलाई अध्ययन अध्यापन शिपमूलक कार्यक्रमका साथै गाँस, बास र कपडाको व्यवस्था पनि गर्दै आउनु भएको थियो । हाल मैत्री बाल आश्रममा १३ जना असहाय विद्यार्थीहरूलाई परियत्ति शिक्षा पढाउने व्यवस्था गर्दै आउनुभएको छ । सुरुमा भिरालो भएको ठाउँमा अश्वघोष भन्तेको सक्रियता र स्थानीय जनताको विशेष सहयोगबाट ध्यानकुटी बिहार स्थापना भएको थियो । अहिले वनेपामा बुद्ध शिक्षा प्रचारप्रसार हुँदै आएको कुरा राहुल भन्तेले भ्रमण टोलिलाई जानकारी दिनुभयो ।

यसैगरी संघका उपाध्यक्ष तिर्थराज बज्राचार्यज्यू मैत्रेय युवा संघले स्थापना कालदेखि बुद्ध शिक्षासम्बन्धी विविध कार्यक्रम गर्नुका साथै वर्षैपिच्छे शैक्षिक भ्रमण पनि गर्दै आइरहेको कुरा जानकारी दिनुभयो । साथै बौद्ध संघको प्रयासबाट २०४१ सालमा भक्तपुरमा भएको अश्वघोष भन्तेको क्लासबाट धेरै युवाहरू प्रभावित भएर भक्तपुरमा युवा बौद्ध पुचः मैत्रेय युवा संघको स्थापना गर्ने प्रेरणा प्राप्त भएको स्मरण गराउनुभयो ।

कार्यक्रममा सल्लाहकार लक्ष्मीचन्द्र बज्राचार्यज्यूले भ्रमणका फाइदा बेफाइदा र सार तत्त्व बुझ्नु पर्ने विषयमा केहि बताउनु भएको थियो । संघका अध्यक्ष सत्यलक्ष्मी रञ्जितकारज्यूले ध्यानकुटीबाट हामीलाई ठाउँ र आवश्यक सामान दिई मद्दत गरेकोमा धन्यवाद दिनुभयो । भ्रमण टोलीबाट ध्यानकुटी बिहारलाई रू.४,०००।- सहयोग स्वरुप अश्वघोष भन्तेज्यूलाई उपाध्यक्ष तीर्थराज बज्राचार्यज्यूले हस्तातरण गर्नुभयो । हामी सबैले श्रद्धय अश्वघोष भन्तेको सु-स्वास्थको लागि कामना गर्‍यौं साथै उहाँले हामीलाई आशिर्वाद दिनुभएको थियो ।

कार्यक्रमको समापन पछि हामी सबैले भोजन गर्‍यौं र करिब ६:३० बजेतिर घर फर्‍यौं । यस एकदिने भ्रमणमा हामीले धेरै बिहारहरू घुम्न पायौं, नयाँ नयाँ ज्ञानमूलक शिक्षा हासिल गर्‍यौं, नयाँ साथीहरू बनाउनुका साथै धेरै रमाइलो पनि गर्‍यौं । जेनिथ इङ्गलिस सेकेण्डरी स्कूलको प्रतिनिधित्त्व गरेर त्यस कार्यक्रममा सहभागी भई ज्ञानगुणका कुराहरू सिक्न र रमाइलो गर्न पाएकोमा भित्रि हृदय देखि मैत्रेय युवा संघलाई धन्यवाद व्यक्त गर्न चाहन्छु ।

धन्यवाद !

# ढुंग्री

✍ चन्द्रबहादुर उलक

'जिं सत्ते सत्ते मकाया तजु ! धरोधर्म मकाया ! जिं कायागु ख:सा अ हे हि ल्ह्वयो सियेम जि ।'

तुल्सीनारांचां थ:म्हा त:जुया तुति भपुयो पा फल । वं मनगु विषं वाता कल । मति मरुथें जुल । व इतिमिति कान ।

'खतुं छं काइमखु धाय्गु जिता विश्वास द: । अय्सां छंगु कोथाया लासा तलय् जि थ:गु कोथाय् वाने लिमलागुलिं ढुंग्री छज्व तयो पिहां वाङागु छं खाँ हे खाँ, ख:ला ?'

'ख:SS !' तुल्सी नारांचां लिस: बिल

'अथेख:सा व लासा तलय् च्वंगु जिगु तिसा ग्वलय् ? कोथाया तचा नं छंके हे ख: । सुननं क:गु मखु । कि छं सुयातां तचा बियाला ? बियासा बिया ध: । ग्याये म:गु मरु' तजुम्हा सिनं केलफेल यात । पुलिसं खुँयाता केलफेल याय्थे ।

'तचा नं सुयातां बियागु मरु ! तुल्सी नारां अजुगति चाचां लिस: बिल ।'

'अथेख:सा कोथा दुने च्वंगु जिगु तिसा गय् मताले ? थुकि छन्ताहे प मयासा जिं सुयाता प यायेगु बाबु ! क ध !'

तुल्सीनारांचां छु हे लिस: बिये मफत । वं क:प जक उसि उसि याङ च्वन ।

'बावुचा ध:सा म्हारैं ख्य याये मम्हा मनु । तजुम्हा सिता हाय्केता सुचुकला ज्वी क ! ब्यू ब्यू बाबु ! अपो हाय्के मज्यू ।' थ:मां बिकुमायां नापां थ:ता शंका यागुलिं तुल्सीनारांया मि च्याक तं पिहाँ वल । मांयाता मिखालं ज्वय्पियो स्व स्वं हाल - मखुया अमा ! जिं सत्ते सत्ते सुचुकागु मरु । तिसा खय्नं अथे ख्य याइला ? अमां नापां जिता शंका यायेगुला ? तुल्सीनारांचां फुकस्यागु विश्वास कायेगु कुतलं त:त: सलं हाल । अय्सां वयागु कुत: विफल जुल । छैं जहान फुकस्यागु मिखाय् तुल्सीनारांया ख्व:खुँ ख्व वल । वं स्वइगु मिखानं खुँया मिखा थें च्वन । न्हापां निसें वं याङ व:गु बाँलागु व्यवहार नं खुँया व्यवहार थें तायेकल ।

तुल्सीनारांचा ख्वपया थी थी विहारे जुइगु धर्म देशनाय् ब्वति काइम्हा छम्हा उपासक ख: । नां ज:पुं भिक्षुपिसं च्वयो त:गु साफूया ज्ञान व्यवहारे छयलिम्हा मनू नं ख: । वयागु बोली बचन नाइस्ये च्वं । सुयातां नुगलय् घ:लाइगु खाँ ल्हाइमा मनु नं मखु । उकिं वाता मिखालय् तसां पालु मजुम्हा मनू धाइगु । अथेखसां व थौं परिबन्धय् लात ।

'अँSS । तुल्सीनारांचाय यकतम्हा लतंकेशरी

याता ह्येकेता यंकला जुइक मखुला बाबु । बुरिम्हा न्हुछेलक्ष्मी अजिं अनुमान यात ।

अथे हे ख:सा छैं जहापिनि सल्लाह याङ बिहे बियेनि ! अथे यंकय् म:ला ? तजुं सहानुभुति तल 'मखुया तजु । जिं कायागु हे मरु धायाँ । जिगु खाँ याता विश्वास मरुला ?'

तुल्सीनारां नं थ:गु कपालय् छ्वया छ्वया यायां हि हि चाल । ख्व ख्व मख्व धाल ।

'क, थों ख:गु खाँ ल्हाइ मखुत । जियां पुलिस स:त वान क !' जुरुक्क दाङ बुद्धिनारां स्वहनं खुरु खुरु क्वहँ वान ।'

बुद्धिनारां व तुल्सीनारां नेम्हा मां या सन्तान ख: बुद्धिनारां ह:थु पाखं तुल्सीनारां लिथु पाखं द:पु कायमस्त ख: । नेग भुरिया नेम्हा सन्तान ख:सां सापहे मिलेजूपुँ दाजुकिजा ख: । थौं बुद्धिनारांया मिखाय नं किजाया ख्व खुँ ख्व: वल । दाजुया मिखाय् जक किजामा खुँ ख्व: व:गु मखु की । थ: मां या मिखाय् नापां कायया ख्व खुँ ख्व वल । काय्या पा लिङ मामं छुं धाये मफत ।

'आसे ! आसे बुद्धिनारां ! पुलिस स:त वाने मते । बि हे बिइ नि । ध्व ध:सा हाय्के य:चा न्हापां निस्ये । म्हारैं हाय्किम्हा !' तुल्सीनारांया मामं बुद्धिनारां याता पान ।

कायप्रति मांया हे विश्वास मदुगुलिं तुल्सीनारां झ्यालं तिंन्हुयो वानेगु मति तल । वं झ्यालय् मिखा वाय्कल । वयागु तुति चासुल वायाँ वायाँ ।

तजुऽ । आय् तजुऽ !

छैंया मूलुखा घारा घारा याङ स:त हल । तुल्सीनारांया मामं झ्यालं क्वस्वयो न्यन- कुने सु थें ? 'बुद्धिनारांया कायं जिगु पसले ममचा नये माला जक धायो ढुंग्री छज्व ज्वङ वला तजु ! मथां भ्फासं ! जिं ढुंग्री कायो तयागु द: ।' झ्य: गयो ढुंग्री खुयागु हँ ! ममचा पस तयो च्वंम्हा माइला अरा सैं सैं पांपां सुचं ब्यू वल ।

हाँइ ! ममचा माला हँ ? धिक्कारऽ !

मां बिकुमाया व काय् तुल्सीनारां हि हि लाङ ख्वल । छेंया सकलें जहान त नं तुल्सीनारां याता घे घे पुङ माफी फ्वफ्वं ह्वाँय् ह्वाँय् ख्वल ।

## कुशल धर्म

१) प्राणी हिंसा हुने, प्राणमा आघात पुग्ने काम नगर्नु ।
२) अर्काको शुभ र लाभमा हानी नगर्नु ।
३) काम मिथ्यामा (व्यभिचारमा) नलाग्नु ।
४) असत्य, मिथ्या व्यवहारमा नलाग्नु ।
५) अप्रमादी भई प्रशंसा गर्न योग्य कुरोको मात्र प्रशंसा गर्ने भई झूटो प्रशंसामा नलाग्नु ।
६) अरुको सेवा (परोपकार) गर्नु ।
७) सबैसँग मैत्रीपूर्ण व्यवहार गर्नु ।
८) सारयुक्त कुराहरुमा मात्र चिन्तन-मनन गर्नु ।
९) सत्य, यथार्थको खोजमा लाग्नु ।
१०) कुनै पनि कुरामा अनाशक्त भई उपेक्षा गर्न सक्नु यही नै कुशल धर्म हो ।

*साभार : बुद्ध र उहाँको धर्म*

# हार्दिक शुभकामना

बौद्ध दर्शन अध्ययन समाजका
संस्थापक सदस्य श्री गोपीकृष्ण प्रजापति तथा श्रीमती
कृष्णकेशरी प्रजापतिको दोस्रो भिम रथारोहण (जंको)
को अवसरमा उहाँहरुको सुस्वास्थ्य तथा दीर्घायुको
कामना गर्दछौं !

**बौद्ध दर्शन अध्ययन समाज**
**परिवार**

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६१/७०

# हार्दिक शुभकामना





हाम्रा आदरणीय आमा बुबा श्री गोपीकृष्ण प्रजापति तथा श्रीमती कृष्णाकेशरी प्रजापतिको दोस्रो भिम रथारोहण (जंको) को अवसरमा उहाँहरुको सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दछौं !

**छोरा/बुहारी**
दीपक/मिना प्रजापति

**नाती/नातीनी**
दिकृन, कृपा

**छोरी/ज्वाई**
दिपा/दिपक प्रजापति

**छोरी/ज्वाई**
रुपा/दिपक श्रेष्ठ

**छोरी/ज्वाई**
रुषा/ अन्जु प्रजापति

**नाती/नातीनीहरु**
असिम, आभा, दिलाशा, रुद्र, राहुल रियाना